जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१ विज्ञापनको लागि मात्र jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

वडा दशैं पाचौं दिन



माँ स्कंदमाताको पूजा
सिंहासनगता नित्यं पद्माश्रितकरद्वया।
शुभदास्तु सदा देवी स्कंदमाता यशस्विनी॥

वर्ष २५ • अंक १३३ • २०७९ साल आश्विन १४ गते शुक्रबार (30 September, Friday, 2022) • पृष्ठ ८ • मूल्य रु. ५।-

कांग्रेसको आन्तरिक किचलोले गठबन्धन धरापमा

## कांग्रेसको प्रस्तावले नेपाल बैठकबाट बाहिरिए, जसपा र जनमोर्चाको विरोध

**टुडे समाचारदाता**

काठमाण्डु । नेपाली कांग्रेसको आन्तरिक कलहले सत्तासीन पाँच दलीय गठबन्धन धरापमा पर्न लागेको छ । प्रदेश र प्रतिनिधि सभाको सिट बाँडफाँटमा कांग्रेसले जनता समाजवादी पार्टी(जसपा) , जनमोर्चा र नेकपा एसलाई उपेक्षा गरेपछि विहीबार बसेको बैठक स्थगित भएको छ ।

बैठकमा कांग्रेसले एकतर्फी रुपमा सिट लिने प्रस्ताव पेश गरेपछि विवाद भएको थियो ।कांग्रेसले एकलौटी गर्न खोजेको आरोप लगाउँदै नेकपा एसका अध्यक्ष माधव कुमार नेपालले बैठक छाडेर बाहिरिएका थिए ।स्रोतका अनुसार प्रदेश सभामा कांग्रेसले मधेश प्रदेशमा जसपालाई अधिकतम् १३ सिट र नेकपा एसलाई ६ सिट प्रस्ताव गरेको थियो । नेपाली कांग्रेसले गत १२ गते प्रदेश सभाका लागि प्रस्तुत गरेको प्रस्ताव भन्दा विहीबार प्रस्तुत गरिएको प्रस्तावमा निकै भिन्नता देखिएको कार्यदलका सदस्य समेत रहेका जसपाका प्रवक्ता मनिष सुमनले जनाए ।

**'मधेश प्रदेशमा कांग्रेसले जसपालाई खुम्चयाउन खोजेकाले विरोध जनाइएको छ' उनले भने, प्रदेशमा रहेको ६४ सिट मध्ये कम्तीमा आधी ३२ सिट चाहिन्छ ।तर कांग्रेसले जसपालाई कृपा गरे जस्तो सिटको प्रस्ताव गरेको बताइएको छ ।**

'मधेश प्रदेशमा कांग्रेसले जसपालाई खुम्चयाउन खोजेकाले विरोध जनाइएको छ ' उनले भने, प्रदेशमा रहेको ६४ सिट मध्ये कम्तीमा आधी ३२ सिट चाहिन्छ ।तर कांग्रेसले जसपालाई कृपा गरे जस्तो सिटको प्रस्ताव गरेको बताइएको छ ।

जनमोर्चालाई कांग्रेसले देशैभरि प्रदेश सभामा एउटा पनि सिट प्रस्ताव गरेको छैन् । नेकपा एसको अवस्था पनि अत्यन्त दयनीय छ ।

स्रोतहरुका अनुसार नेपालले बैठक छाडेर निस्केपछि जसपा र जनमोर्चाले पनि विरोध जनाए।चर्को विरोध भएपछि माओवादी केन्द्रका अध्यक्ष प्रचण्ड र कांग्रेसका नेताहरुले शुक्रवार शीर्ष नेतृत्व तहमा छलफल गर्ने सहमति गरेको स्रोतले जनाए ।

कांग्रेसमा संस्थापन पक्षले एकतर्फी गरेको आरोप लगाउँदै असन्तुष्ट पक्षले पार्टी कार्यालयमा धर्ना लगायतका विरोध कार्यक्रमहरु गरिरहेका छन् ।असन्तुष्ट पक्षले १४ गते सम्म समानुपातिक सूचीमा सहमति अनुसारको संशोधन नभए विरोधलाई झन चर्काउने धम्की नेताहरुले दिएका छन् ।

आन्तरिक विवादलाई व्यवस्थापन गर्न कांग्रेसले पाँच दलीय गठबन्धनको सिट बाँडफाँटमा एकतर्फी गर्न खोजेको देखिन्छ ।संस्थापन पक्षले समानुपातिकमा एकलौटी गरे जस्तै प्रत्यक्षमा पनि गर्न चाहेको उनीहरुको आरोप छ ।

जसपाका अध्यक्ष उपेन्द्र यादवले गठबन्धन दलहरुबीच सिटको बाँडफाँटमा सहमति भइनसकेको बताएका छन् ।उनले गठबन्धन भन्दा बाहिर गएर पनि चुनाव लड्न सक्ने संकेत गरेका छन् ।

# गठबन्धनमा सिटको बाँडफाँटबाट जसपा असन्तुष्ट

## आसन्न चुनावमा जान वैशाखीको भर आवश्यक छैन् :अध्यक्ष यादव

**कमलेश ठाकुर**

जनकपुरधाम ।प्रतिनिधि र प्रदेश सभाको मंसिर ४ गते हुने निर्वाचनका लागि सत्तारुढ पाँच दलीय गठबन्धनमा सिट बाँडफाँटप्रति जनता समाजवादी पार्टी(जसपा)का अध्यक्ष उपेन्द्र यादवले असन्तुष्टि जनाएका छन् ।

धनुषा जिल्लाको शहीदनगर नगरपालिकाको यदुकुहामा विहीबार आयोजित बृहत् पार्टी प्रवेश कार्यक्रममा अध्यक्ष यादवले सिट बाँडफाँटको टुंगो अझै लागि नसकेको बताए ।सिट बाँडफाँटबारे बजारमा फैलिएको हल्ला अनुरुप भएको छैन्' उनले भने आसन्न प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचन लड्न पार्टीलाई कुनै बैशाखीको आवश्यकता छैन् ।

गठबन्धनमा भइरहेको सिट बाँडफाँटबाट पार्टीलाई ठूलो संगठनात्मक क्षति हुने चिन्ता नेता, कार्यकर्ताहरुले व्यक्त गरिरहेको बेला अध्यक्ष यादवले भने, बिना कुनै वैशाखी सबै क्षेत्रमा चुनाव लड्न जसपा सक्षम छ ।

'संघीय लोकतान्त्रिक गणतन्त्र खतरामा परेको बेला जसपाकै पहलमा पाँच दलीय गठबन्धन निर्माण भएको हो' उनले भने, जनजाति, मधेशी, आदिवासी लगायतका उत्पीडित वर्गको सम्मान हुने गरी सिटको बाँडफाँट भए जसपा अझै गठबन्धनको पक्षमा रहेको छ। अहिले बजारमा आएको हल्ला जस्तो गठबन्धनमा सिटको बाँडफाँटमा कुनै सहमति नभएको उनले प्रष्ट गरे। 'गठबन्धनमा अहिले सम्म कुनै सहमति भएको छैन' अध्यक्ष यादवले भने, हल्लाको पछाडि नलागौ। '




'अन्य दलहरुका लागि निर्वाचन मात्र भए पनि, जसपाको लागि संघर्षको एउटा पडाव मात्र हो ' अध्यक्ष यादवले भने, संविधान सभाबाट जारी भएको त्रुटिपूर्ण संविधानलाई संशोधन मार्फत सही ट्र्याकमा ल्याउन संसदको उपयोग आवश्यक रहेको छ । उनले निर्वाचनलाई संघर्षको रुपमा लिन नेता कार्यकर्ताहरुलाई निर्देशन समेत दिए ।

नेकपा एमालेका तीन दशक बढी पुराना नेता एवं समाजसेवी गंगाराम यादव नेतृत्वको समूहलाई जसपामा स्वागत गरेका अध्यक्ष यादवले अहिलेको निर्वाचन प्रणालीले थुप्रै वेथितिहरु निम्त्याएको बताए ।

'खसी बोका जस्तो सांसदहरु बिक्रीहुने प्रणालीलाई अन्त्यगर्दै प्रत्यक्ष निर्वाचित कार्यकारी प्रणालीमा जान संविधान संशोधन आवश्यक रहेको छ ' उनले भने, निर्वाचनलाई संघर्षको रुपमा लिएकाले झिनामसिना विषयमा असन्तुष्टि जनाउन हुँदैन् ।

गठबन्धनमा धनुषा जिल्लाको निर्वाचन क्षेत्र नम्बर २ नेपाली कांग्रेसको भागमा परेको चर्चा भइरहेको बेला अध्यक्ष यादवले भने, क्षेत्र २ मा जसपाकै उम्मेदवार हुनेमा ढुक्क रहनुहोस् । क्षेत्र २ मा छाता छापलाई जिताउने अभियानमा जुटन नेता, कार्यकर्ताहरुलाई निर्देशन समेत दिए ।

२०७४ सालको निर्वाचनमा जसपाबाट प्रतिनिधि सभा सदस्यमा निर्वाचित भएका उमाशंकर अरगडिया लोकतान्त्रिक समाजवादी पार्टी(लोसपा) हुँदै एमालेमा प्रवेश गरेका छन् ।तर जसपाबाट त्यस क्षेत्रमा चुनाव लड्न ठेकेदार बलराम महतो र समाजसेवी गंगाराम यादवले पार्टी प्रवेश गरेका हुन् ।

त्यस क्षेत्रको दुबै प्रदेश सभासिटमा पनि जसपाका नेताहरु शैलेन्द्र साह २ को 'क' र रामअशिष यादव २ को 'ख'बाट निर्वाचित भएका थिए । धनुषामा जसपाको सर्वाधिक जनाधार भएको क्षेत्रहरु मध्ये क्षेत्र नं. २, १ र ४ लाई मानिन्छ । यादवलाई टिकट दिए चुनाव जित्न सक्ने बलियो संभावना रहेको स्थानीयहरुको तर्क छ।७४ वर्षको उमेरमा उनी अन्तिम पटक चुनावमा भिड्ने तयारी गरेकाले मतदाताको सहानुभूति बटुल्ने विश्वास गरिएको छ ।






# आयोगको ३२औँ वार्षिक प्रतिवेदन पेश

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेश प्रमुख हरिशंकर मिश्रलाई बर्दिवासस्थित अख्तियार दुरूपयोग अनुसन्धान आयोगको कार्यालयले ३२औँ वार्षिक प्रतिवेदन पेश गरेको छ।

कार्यालय प्रमुख गोपालकुमार अधिकारीले प्रदेश प्रमुखसमक्ष आर्थिक वर्ष २०७८/७९ को प्रतिवेदन पेश गरेका छन् । उक्त प्रतिवेदन मधेश प्रदेश प्रमुख मिश्रले सार्वजनिकसमेत गरेका छन् ।



उक्त प्रतिवेदनमा सबैभन्दा बढी मधेश प्रदेशमा २४ दशमलव २५ प्रतिशत उजुरी दर्ता भएको उल्लेख गरिएको छ। गत आवमा जम्मा नौ सय १५ वटा उजुरी दर्ता भएकामा सबैभन्दा बढी धनुषा जिल्लाको छ।

गत वर्ष धनुषाबाट तीन सय ३९ उजुरी परेका थिए । आव २०७७/७८ बाट फछ्र्यौट गर्न बाँकी एक हजार एक सय ९६ र २०७८/७९ मा परेका नौ सय १५ मुद्दामध्ये एक हजार एक सय ९६ मुद्दा गत आवमा फछ्र्यौट भएको प्रतिवेदनमा उल्लेख छ।

अघिल्लो वर्षको फछ्र्यौट गर्न बाँकी नौ सय १५ मुद्दा र यस आवमा परेका तीन सय १५ मुद्दामा पनि अनुसन्धान अघि बढिसकेको कार्यालयले जनाएको छ।

मधेश प्रदेशका चार जिल्लासहित नौवटा जिल्ला कार्यक्षेत्र रहेकामा चालु आवको साउन र भदौ महिनामा तीन सय १५ उजुरी परेको कार्यालय प्रमुख अधिकारीले जानकारी दिए।

धनुषा, महोत्तरी, सर्लाही, सिराहा, प्रदेश नं १ को खोटाङ, ओखलढुङ्गा, सोलुखुम्बु र बागमती प्रदेशको रामेछाप र सिन्धुली जिल्लाबाट दुई महिनामै तीन सय १५ उजुरी मा दर्ता भइसकेको उक्त कार्यालयले जनाएको छ।

# पातो सडकको निर्माण सुस्त

**टुडे समाचारदाता**

लहान । सप्तरीको हुलाकी सडकको सहायक सडक खण्डको रूपमा निर्माण भइरहेका कठौना-पातो-फत्तेपुर-कटैया सडक निर्माण सुस्त देखिएको छ।

विसं २०७५ जेठ ४ गते भएको सम्झौता अनुसार विसं २०७७ मङ्सिर १७ गते सम्म सडक निर्माण सक्नुपर्नेमा सो सडकको ४८ प्रतिशत कार्य मात्रै सकिएको हुलाकी सडक आयोजना कार्यालयका इटहरीका इञ्जिनीयर सञ्जयकुमार ठाकुरले जानकारी दिए। अहिले सम्म तेस्रो पटक म्याद थप भइ सकेता पनि सडक निर्माण कार्यले गति लिएको छैन।

वर्षामा हिल्लामै हिउँदमा धुलामै हुने यो सडक हुँदै दैनिक एक दर्जन भन्दा बढी यात्रुबाहक बस राजविराज, विराटनगर, जनकपुर, संघीय राजधानी काठमाण्डुसम्म पुग्छ । सडक समयमै कालोपत्र नभएकोले गाडीले उडाएको धुलोले दिउँसै अध्यारो हुने गरेको छ। डाकनेश्वरी नगरपालिका -१ अमरलति चौकका धुव्र चौधरीले भने, "स्थानीयमा धुलोबाट रोग देख्न थालेको छ अहिले सडकमा कुनैपनि निर्माण कार्य भइरहेको छैन । वर्षातुको मौसम सकियो । सडक निर्माण भएको छैन ।" रु ७० करोड ४४ लाख ६१ हजार ४३ भ्याटसहित रकममा निर्माण भइरहेको सडकाको कुल लम्बाइ १८ किलोटिर चौडाइ ११ मिटर रहेको छ।

सात मिटर चौडाइ मात्र कालोपत्र हुने र कठौना बजारमा एक किलोमिटर र पातो बजारमा आठ सय मिटर नला निर्माण हुने इञ्जिनीयर ठाकुरले बताए।

ग्रामीण बस्तीमा थप नालाको आवश्यकता रहेको छ । फत्तेपुर, कटैयामा गाउँमा दुई किलोमिटर सडकमा स्थानीयवासीले मुआब्जा मागिरहेको तर कार्यालयमा सो सडक खण्डका लागि कुनै किसिमको मुआब्जा व्यवस्था निर्धारण नभएकोले स्थानीयवासीको सो माग पूरा गर्न नसकेको बताइएको छ।

सो सडक हुलाकी सहायक खण्डको रूपमा पूर्व-पश्चिम राजमार्गको कठौना बजारदेखि दक्षिण भारतीय सीमासम्म बन्ने भएको छ । यसमा कठौनादेखि मुख्य केन्द्र विन्दुको रूपमा रहेको पातो बजारसम्म ग्रावेलको काम पूरा गरेर निर्माण कम्पनीले सडकको काम अलपत्र छाडेको छ।

उक्त सडक निर्माण कार्यको लागि जेभीमा कान्छाराम-बामती–देव एण्ड सायर ठेक्का पाएकोमा सो सडकको निर्माण बामती भण्डार निर्माण सेवाले गरिरहेको छ।

# फोहोर व्यवस्थापन केन्द्र सञ्चालन

**अनिल तिवारी**

वीरगञ्ज । नारायणी अस्पतालले स्वास्थ्यजन्य फोहोर व्यवस्थापन केन्द्र सञ्चालनमा ल्याएको छ।

बिरामी उपचारको क्रममा प्रयोग गरिने जोखिमयुक्त मेडिकेटेड वस्तुहरुलाई वैज्ञानिक रुपमा व्यवस्थापनका लागि अस्पतालले उक्त फोहोर व्यवस्थापन केन्द्र सञ्चालनमा ल्याएको छ।

अस्पताल परिसरमै जडान गरिएको उपकरणसहितको उक्त केन्द्रलाई बिहीबार एक कार्यक्रमबीच उद्घाटन गरिएको छ।

युएनडिपीको आर्थिक सहयोगमा नारायणी अस्पतालमा स्वास्थ्यजन्य फोहोर व्यवस्थापन केन्द्र निर्माण गरिएको अस्पतालका निमित मेडिकल सुपरिटेन्डेन्ट वीरेन्द्र प्रधानले बताए।

केन्द्र निर्माणका लागि युएनडिपीले ११ करोड ९७ लाख रुपैया आर्थिक सहयोग गरेको निमित मेसु प्रधानले जानकारी दिए।

अस्पतालबाट दैनिक १ सय ७० केजीको हाराकारीमा स्वास्थ्यजन्य फोहोर बस्तुहरु संकलन गरिने गरिएको जनाइएको छ।



केन्द्रमा जडान गरिएको मेशीनबाट प्रतिघण्टा ५० केजी स्वास्थ्यजन्य फोहोरवस्तु प्रशोधन गरिने व्यवस्था रहेको छ।

अहिलेसम्म अस्पतालबाट निस्किने स्वास्थ्यजन्य फोहोर वस्तु,अस्पताल परिसरकै खाली जग्गामा फालिने गरिएको थियो। जसले गर्दा उक्त क्षेत्रमा प्रदुषण फैलिने कारणले गर्दा स्थानीयहरुको स्वास्थ्यमा नकारात्मक असरहरु पुर्याउदै आएको छ।

यसले अस्पताल र आसपासका क्षेत्रमा वातावरणीय प्रदुषण पनि नहुने अस्पतालका प्रवक्ता डाक्टर उदय नारायण सिंहले बताए।

अस्पतालका निमित्त मेसु प्रधानको अध्यक्षतामा भएको उद्घाटन कार्यक्रममा स्वास्थ्य मन्त्रालय अन्तर्गतको गुणस्तर मापन तथा नियन्त्रण महाशाखाका निर्देशक डाक्टर मदन कुमार उपाध्याय , अस्पताल विकास समितिका अध्यक्ष पुरेन्द्रकिशोर लाभ , वीरगञ्ज महानगरपालिकाका मेयर राजेशमान सिंह , उपमेयर इम्तियाज आलम , प्रमुख प्रशासकीय अधिकृत लक्ष्मी पौडेल , मधेश विश्वविधालयका प्राध्यापक डाक्टर दीपक शाक्य , स्वास्थ्य कार्यालय पर्साका प्रमुख नवलकिशोर साह , नेपाल चिकित्सक संघ नारायणी शाखाका अध्यक्ष डाक्टर मनोज गुप्ता, वीरगञ्ज उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष अनिल अग्रवाल , पर्साका प्रहरी उपरीक्षक रमेश बस्नेत लगायतको उपस्थिति रहेको थियो।

# सबै विद्यालयमा सूचना अधिकारी तोक्न महानगरको निर्देशन

**टुडे समाचारदाता**

पोखरीया । वीरगञ्ज महानगरपालिकाले महानगरमा रहेका सामुदायिक र संस्थागत सबै विद्यालयमा सूचना अधिकारी तोक्न निर्देशन दिएको छ।

शिक्षा विकास तथा समन्वय एकाइ पर्साले यही असोज ९ गते महानगरपालिका कार्यालयमा पठाएको पत्रमा विद्यालयमा सूचना माग्दा सूचना नपाएको अभिभावकको गुनासो आएको उल्लेख गरेकाले महानगरपालिकाले आज सूचना जारी गर्दै दसैँ बिदाबाहेक सात दिनभित्रमा हरेक विद्यालयमा एक सूचना अधिकारी तोक्न विद्यालयलाई निर्देशन दिएको वीरगञ्ज महानगरका प्रमुख राजेशमान सिंहले बताउनुभयो।

**शिविरमार्फत सामाजिक सुरक्षा भत्ता वितरण**

पर्साको जगरनाथपुर गाउँपालिकामा वडामै लाभग्राहीको सहजताका लागि सामाजिक सुरक्षा भत्ता वितरण शिविर सञ्चालन भएको छ।

गाउँपालिकाले वडा कार्यालयमै शिविर सञ्चालन गरेर भत्ता वितरण गर्न थालेको गाउँपालिका अध्यक्ष श्रीकान्तप्रसाद यादवले जानकारी दिनुभयो। एनआइसी एशिया बैंक जगरनाथपुर शाखाको समन्वयमा पालिकाले वडामै पुगेर भत्ता वितरण गर्न थालेपछि अब बैंकमै पुगेर लामो लाइन बस्नुपर्ने बाध्यता हटेको छ । यसबाट विशेषगरी अपाङ्गता भएका स्थानीय र ज्येष्ठ नागरिकलाई सहज भएको छ।

जगरनाथपुरका छ वटै वडाका ज्येष्ठ नागरिक, दलित ज्येष्ठ नागरिक, ज्येष्ठ नगारिक एकल महिला र क तथा ख वर्गका अपाङ्गता भएका लाभग्राहीलाई शिविरमार्फत सामाजिक सुरक्षा भत्ता रकम वितरण गर्न थालिएको प्रमुख प्रशासकीय अधिकृत कृष्णनन्दन रायले बताउनुभयो।

# शङ्खरापुरले निःशुल्क स्वास्थ्य र शिक्षा प्रदान गर्ने

काठमाण्डु। राजधानीको उत्तरपूर्वी भेगस्थित शङ्खरापुर नगरपालिकाले निःशुल्क स्वास्थ्य र शिक्षाको कार्यक्रम अघि बढाएको छ।

जनप्रतिनिधिले काम सुरु गरेको सय दिनका उपलब्धि सार्वजनिक गर्न बुधबार आयोजित कार्यक्रममा नगर प्रमुख रमेश नापितले नगर क्षेत्रलाई फोहरमुक्त सफा स्वच्छ नगरपालिका बनाउने प्रक्रिया अघि बढाएको बताउनुभयो । "पर्यटन र कृषिको माध्यमबाट समृद्धि हासिल गर्न, विकासका पूर्वाधार निर्माण गरेर नगरवासीको जीवनयापन सहज बनाउन लागिपरेका छौँ, निर्वाचनका बेला गरेको प्रतिबद्धताअनुसार नै शिक्षा र स्वास्थ्य क्षेत्रलाई निःशुल्क बनाउन लागेका छौँ"-उहाँले भन्नुभयो।

जर्मन सरकारको सहयोगमा वडा नं ७ कठनचोकमा अस्पताल निर्माणको प्रक्रिया अगाडि बढाइएको छ । विकास साझेदारको आर्थिक सहयोगमा एम्बुलेन्स खरिद प्रक्रिया अगाडि बढाइएको सो कार्यक्रममा जानकारी गराइयो । कार्यक्रममा नगरप्रवक्ता राधाकृष्ण श्रेष्ठले सय दिनको अवधिमा नगरवासीलाई निःशुल्क स्वास्थ्य, शिक्षाको व्यवस्था गरिएको, गर्भवती महिला, ज्येष्ठ नागरिकका लागि निःशुल्क एम्बुलेन्स सेवा, साँखुमा रहेको सुष्मा कोइराला मेमोरियल अस्पतालसँग द्विपक्षीय सम्झौता गरी सात प्रकारका उपचार सेवा निःशुल्क तथा ११ उपचार सेवामा ३० देखि ६० प्रतिशत सहुलियत छुटमा स्वास्थ्य सेवाको व्यवस्था गरिएको जानकारी गराउनुभयो।

इन्द्रायणी नगर अस्पतालबाट स्वास्थ्य बिमा कार्यक्रम लागू गरिएको र नगर प्रमुखसँग निःशुल्क घरदैलो स्वास्थ्य सेवा कार्यक्रमको सुरुआत गरिएको उहाँले बताउनुभयो। शिक्षातर्फ कक्षा ११ को शिक्षा निःशुल्क गरिएको, स्थानीय मातृभाषा 'नेपाल भाषा र तामाङ भाषा'मा पाठ्यक्रम तयारी कार्यदल गठन भएको नगरपालिकाले जनाएको छ।

नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत वासुदेव खनालले जनप्रतिनिधि, कर्मचारी, सुरक्षाकर्मी, राजनीतिक दलका प्रतिनिधि, समाजसेवीलगायतको सामुहिक प्रयासबाट शङ्खरापुर नगरपालिकाको समृद्धि, सुशासन र विकास सम्भव रहेको बताउनुभयो।

बागमती प्रदेश सरकारले ५५ मेट्रिक टन रासायनिक मलको कोटा निर्धारण गरेकामा नगरपालिकाको विशेष पहलमा १७९ मेट्रिक टन मलको कोटा वृद्धि गर्न सफल भएको पनि नगरपालिकाले जनाएको छ । नगरपालिकामा ल्याण्डफिल सम्भाव्य स्थानको खोजी गरी उपयुक्त विकल्पमा फोहर व्यवस्थापन गर्ने प्रयास भइरहेको छ ।रासस

# समस्याग्रस्त सहकारीमा बचत गर्नेको पैसा धमाधम फिर्ता गरिँदै

काठमाण्डु । समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालयले माग दावी गर्ने बचतकर्तालाई धमाधम पैसा फिर्ता गर्न थालेको छ।

सहकारी ऐन, २०७४ को दफा १०४ बमोजिम सरकारले १२ वटा सहकारीलाई समस्याग्रस्त घोषणा गरेकोछ।समस्याग्रस्तघोषणाभएका सहकारीका सञ्चालक समिति खारेज गरी सहकारी ऐनअनुसार ती सहकारीको व्यवस्थापन गर्ने अधिकार समितिलाई दिइएको छ।

चालु आर्थिक वर्षको पहिलो चौमासिकमा सरकारले घोषणा गरेका १२ समस्याग्रस्त सहकारीमध्ये एउटाको सबै बचतकर्ताको पैसा फिर्ता गर्ने गरी काम भइरहेको समितिका अध्यक्ष काशीराज दाहालले राससलाई जानकारी दिनुभयो । समस्याग्रस्त लुःनिभा बहुउद्देश्यीय बचत तथा ऋण सहकारी संस्था लिमिटेडसँग दुई सय १४ जना बचतकर्ताले माग दावी गर्नुभएको छ । तीमध्ये ७६ जनाको पैसा फिर्ता दिएको उहाँले सुनाउनुभयो। बाँकी एक सय ३८ जनाको पैसा पनि फिर्ताको क्रममा रहेको छ।

लुःनिभाका तत्कालीन सञ्चालक र ऋणीको जग्गा रोक्का राखिएको छ। त्यही जग्गा लिलामी गरेर बाँकी बचतकर्ताको पनि पैसा फिर्ता गर्न लागिएको हो । सोसाइटल बचत तथा ऋण सहकारी संस्थासँग दुई सय ४० जना बचतकर्ताले पैसा माग गरेका थिए । तीमध्ये एक सय ३३ बचतकर्तालाई बचत फिर्ता गरिएको छ। बाँकी एक सय सात जनालाई पनि पैसा दिने गरी तयारी भइरहेको छ। संस्थाका सञ्चालक र ऋणीका नाममा चितवन र भक्तपुरमा रहेको जग्गा लिलामीको प्रक्रियामा रहेको कार्यालय प्रमुख केशवप्रसाद पौडेलले बताउनुभयो।

स्टाण्डर्ड मल्टिपर्पोज कोअपरेटिभ लिमिटेडसँग १६ जनाले बचत माग गरेका थिए । तीमध्ये १४ जनाको बचत फिर्ता भएको छ । बाँकीको बचत कात्तिक मसान्तसम्म फिर्ता गरिसक्ने पनि उहाँले जानकारी दिनुभयो । यो सहकारीको फर्छ्यौट चालु आर्थिक वर्षको पहिलो चौमासिकमै गर्ने गरी सबै काम भइरहेको समितिले जनाएको छ।

कुबेर वचत तथा ऋण सहकारी संस्थासँग १० जनाले बचत फिर्ता गरिपाऊँ भनी निवेदन दिएका छन्। तीमध्ये दुई जनाको पैसा समितिले फिर्ता गरिदिएको छ। आठ जनाको पैसा सञ्चालक र ऋणीको जग्गा लिलामी गरी दिइने भएको छ। त्यसका लागि समितिले कानूनी प्रक्रिया अघि बढाएको छ।

प्यासिफिक सेभिङ एण्ड इन्भेष्टमेन्ट कोअपरेटिभ लिमिटेडसँग तीन सय ५२ जना बचतकर्ताले माग दावी गरेका छन्। एक सय ४१ जना बचतकर्ताको रु ३६ करोड समितिले मिलान गरिसकेको छ। दुई सय ११ जनाको बाँकी बचत पनि फिर्ता गर्ने क्रममा रहेको जनाइएको छ।

प्रभु बचत तथा ऋण सहकारी संस्था लिमिटेडसँग १३८ जना बचतकर्ताले माग दावी गरेका छन्। यो सहकारीका सञ्चालक र ऋणीको जग्गा रोक्का गरी लिलामीको प्रक्रियाबाट बचतकर्ताको पैसा फिर्ता दिन लागिएको छ। कोहिनुर हिल सेभिङ एण्ड क्रेडिट कोअपरेटिभ लिमिटेडसँग ५१ जनाले बचत गरेको भन्दै पैसा फिर्ता पाउन निवेदन दर्ता गराएका छन् । यस विषयमा अध्ययन भइरहेको समितिले जनाएको छ।

> **यसअघि २०७४ कात्तिक २० गते सरकारले ओरेण्टललाई पहिलोपटक समस्याग्रस्त घोषणा गरेको थियो । घोषणाका विरुद्ध सर्वोच्च अदालतमा ओरेण्टल मुद्दा लिएर गएको थियो । मुद्दाको फैसला गर्दै सर्वोच्चले २०७६ फागुन ११ गते सहकारी पूर्ववत् सञ्चालन गर्न र समस्याग्रस्त सहकारी समितिले नहेर्ने भनी फैसला गरेको थियो ।**

कञ्जुमर बचत तथा ऋण सहकारी संस्था लिमिटेडसँग ५६ जनाले बचत गरेको भन्दै माग दावी पेश गरेका छन् । यसको छानबिनमा समितिले काम गरिहेको छ । स्टाण्डर्ड सेभिङ एण्ड क्रेडिट कोअपरेटिभ लिमिटेडसँग एक सय ७५ जनाले बचत गरेको भन्दै माग दावी पेश गरेका छन् । यसका सञ्चालक र ऋणीको जग्गा खोजी रोक्का गर्ने क्रममा समिति लागेको कार्यालय प्रमुख पौडेलले बताउनुभयो।

**ओरेण्टल कोअपरेटिभलाई दोस्रोपटक समस्याग्रस्त घोषणा**

ओरेण्टल कोअपरेटिभ लिमिटेडलाई सरकारले दोस्रोपटक समस्याग्रस्त सहकारी घोषणा गरेको छ । भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री शशी श्रेष्ठले असोज ७ गते शुक्रबार मन्त्रिस्तरीय निर्णय गरी ओरेण्टललाई दोस्रोपटक समस्याग्रस्त घोषणा गर्नुभएको हो।

यसअघि २०७४ कात्तिक २० गते सरकारले ओरेण्टललाई पहिलोपटक समस्याग्रस्त घोषणा गरेको थियो । घोषणाका विरुद्ध सर्वोच्च अदालतमा ओरेण्टल मुद्दा लिएर गएको थियो । मुद्दाको फैसला गर्दै सर्वोच्चले २०७६ फागुन ११ गते सहकारी पूर्ववत् सञ्चालन गर्न र समस्याग्रस्त सहकारी समितिले नहेर्ने भनी फैसला गरेको थियो।

सर्वोच्चको आदेशबमोजिम सहकारी पूर्ववत् सञ्चालन नभएको, साधारणसभा नराखेको, लेखापरीक्षण नगराएको, बचतकर्ताको पैसा फिर्ता नगराएको, सरकारलाई प्रतिवेदन पेश नगरेको भनी सहकारी विभागले पटकपटक जवाफ माग गरेको थियो । विभागलाई समेत अटेर गरेपछि मन्त्रिस्तरीय निर्णय गरी ओरेण्टललाई दोस्रोपटक समस्याग्रस्त घोषणा गरिएको हो।

ओरेण्टलका तत्कालीन अध्यक्ष सुधीर बस्नेतले घरमा पुजारी राखेकाको समेत रु १८ लाख कचत लिएर भागेको उजुरी समितिमा परेको छ। ओरेण्टलसँग सात हजार छ सय ४६ जनाले बचत फिर्ता माग गरी पाऊँ भनी समितिमा निवेदन दर्ता गराएका छन्।

सरकारले समस्याग्रस्त भनी घोषणा गरेका १२ सहकारीमध्ये अन्य तीन सहकारी पनि ओरेण्टलसँग जोडिएको छानबिनका क्रममा भेटिएको कार्यालय प्रमुख पौडेलले बताउनुभयो। कोहिनुर हिल सेभिङ एण्ड क्रेडिट कोअपरेटिभ लिमिटेड, कञ्जुमर बचत तथा ऋण सहकारी संस्था लिमिटेड र भेगास बचत तथा ऋण सहकारी संस्था लिमिटेड ओरेण्टलकै छाताबाट सञ्चालनमा रहेको छानबिनका क्रममा पुष्टि भएको हो ।रासस

## भूलसुधार

मिति २०७९/०६/०५ गते जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकाको पृष्ठ ७ मा प्रकाशित भएको कमला नगरपालिकाको सूचनाको प्रकाशित मिति २०७९/०६/०५ हुनुपर्नेमा अन्यथा भएकोले भूल सुधार गरिएको छ।

## तपाईंको आज

पण्डित : बम जी

| | |
|---|---|
| मेष | : भ्रमण अवसर हुने। |
| बृष | : प्रतिभा सम्पन्नता। |
| मिथून | : नयाँ कार्य हुने। |
| कर्कट | : बौद्धिक क्षमता। |
| सिंह | : प्रेम प्रसंग, मित्र सुख। |
| कन्या | : अवसर प्राप्त। |
| तुला | : सुख समृद्धि हुने। |
| वृश्चिक | : शिक्षामा उन्नति। |
| धनु | : धन बृद्धि सञ्चय। |
| मकर | : पारिवाहिक सुख। |
| कुम्भ | : वाद विवादबाट बच्नु। |
| मीन | : पुरस्कार प्राप्त लाभ। |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| आँखा अस्पताल | ५२०३९७ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |
| | | बारुण यन्त्र (जलेश्वर) | ०४४-५२००९७ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने सयम | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |




**भजनकीर्तन गर्दै भक्तजनः** बडादशैंका अवसरमा जनकपुरधामको कदमचोकस्थित सडक छेउमा रहेको दुर्गा मन्दिरमा भजनकीर्तन गर्दै भक्तजन। *तस्विर : रासस*

# नगरपालिकाद्वारा ज्येष्ठ पत्रकार सिञ्जालीलाई निवृत्तिभरण रकम

चितवन । नेपाल पत्रकार महासङ्घ जिल्ला शाखाका सदस्यका लागि सुरु गरिएको ज्येष्ठ पत्रकार निवृत्तिभरण रकम राप्ती नगरपालिकाका पत्रकार वीरबहादुर सिञ्जालीलाई आज हस्तान्तरण गरिएको छ। सो नगरपालिकाको सहयोगमा सिञ्जालीलाई निवृत्तिभरण रकम उपलब्ध गराइएको हो ।

सिञ्जालीकै निवासमा नगर प्रमुख शम्शेर लामाले यस आर्थिक वर्ष भरिको एकमुष्ठ रकम रु ५० हजार हस्तान्तरण गर्नुभएको हो । सो अवसरमा लामाले महासङ्घको आग्रहमा एकमुष्ठ रकम उपलब्ध गराएको बताउनुभयो ।

आउँदो वर्षबाट कार्यविधि बनाएर निवृत्तिभरण रकम वितरण गरिने उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, "तपाईँहरूको मापदण्डभित्र हाम्रो नगरपालिकामा अरु पत्रकार हुनुहुन्छ, भने सहयोग गर्न हामी तयार छौँ ।"

सोही अवसरमा नेपाल पत्रकार महासङ्घ चितवनका अध्यक्ष नारायणप्रसाद अधिकारीले नगरपालिकासँग सहकार्य गरेर निवृत्तिभरण रकम एकमुष्ठ वितरण गर्न सकिएको बताउनुभयो ।

उहाँले भरतपुर महानगरपालिकाको सहयोगमा महानगरभित्रका ज्येष्ठ पत्रकारलाई मासिक रु चार हजारका दरले निवृत्ति भरण रकम वितरण गर्दै आएको बताउनुभयो । महासङ्घका सदस्यमध्ये ५५ वर्ष काटेका महिला, दलित, अल्पसङ्ख्यक र अपाङ्गता भएका पत्रकार एवं बाँकी ६० वर्ष काटेका सबैका लागि स्थानीय पालिकासँग सहकार्य गरेर निवृत्तिभरण रकम वितरण गर्न थालिएको हो ।

महानगरपालिकाले निवृत्तिभरण रकम वितरणका लागि कार्यविधि बनाएर कोषमा रु २० लाख जम्मा गरिसकेको छ । सोही ब्याजबाट रकम दिन थालिएको छ । राप्तीमा कार्यविधि बनाएर आउँदो वर्षबाट रकम वितरण गरिने नगरपालिकाले जनाएको छ । जिल्लाका अन्य पालिकामा मापदण्ड पुगेका महासङ्घका सदस्य छैनन् ।रासस

# सप्तकोसीमा जेटबोट सञ्चालनमा



इनरुवा । सुनसरीको बराहक्षेत्र नगरपालिका-१ चतराघाटदेखि कोप्चेसम्म जेटबोट सञ्चालनमा आएको छ ।

सप्तकोसी नदीमा हिउँदको समयमा बराहक्षेत्र मरिन एन्ड रिसोर्ट, सप्तकोसी टुरिजम एन्ड वाटर ट्रान्सपोर्टेसन, नेपाल रिभर ट्रान्सपोर्ट प्रालि, बराहक्षेत्र जल यातायात तथा पर्यटन सेवा प्रालिसहितले तीन लामो दूरीका र चार छोटो दूरीका जेटबोट सञ्चालनमा ल्याएको बराहक्षेत्र मरिन एन्ड रिसोर्ट जेट बोटका सञ्चालक नवीन पौडेलले जानकारी दिनुभयो ।

हिउँदको बेला चाडपर्वमा स्थानीयवासीलाई आवतजावत गर्नका लागि सहज होस् भने उद्देश्यले जेटबोट सञ्चालनमा ल्याइएको उहाँले बताउनुभयो । सप्तकोसी किनारस्थित बराहक्षेत्र मन्दिरबाट जेटबोट सञ्चालन भएको पौडेलले जानकारी दिनुभयो ।

दसैँ तिहार लक्षित गरी यात्रुलाई सहजताका साथ आफ्नो गन्तव्यस्थल पुग्नका लागि जेटबोट सञ्चालनमा ल्याइएको उहाँले बताउनुभयो । बराहक्षेत्रबाट कोप्चेसम्मका जेटबोटको हालको भाडादर जनही रु छ सय कायम गरिएको छ । जेटबोटले पाँच किलोमिटको दूरी तय गर्नेछ । पानीको सतह घटेपछि भाडादरमा समायोजन गरिने पौडेलको भनाइ छ । बराहक्षेत्रबाट जेटबोट सञ्चालन भएपछि भोजपुरको दक्षिणी क्षेत्र, धनकुटाको सिम्ले, अखुवाटार, त्रिवेणी, साङ्मालगायत ठाउँमा यात्रा गर्नका लागि सहज हुने उहाँले बताउनुभयो । जेट बोटको क्षमता ४० जना अटाउने रहेको छ ।रासस

# चलचित्रमा नयाँपुस्ताको आकर्षण



काठमाण्डु । डेढ दशक अघि मात्र नेपाली चलचित्रमा अभिनेता राजेश हमाल, निखिल उप्रेती, विराज भट्टलगायत हावी हुनुहुन्थ्यो ।

उहाँहरूलाई पोस्टरमा देख्दा मात्र दर्शक हलसम्म पुग्नुहुन्थ्यो । यद्यपि कथ्य शैली, मेकिङमा परिवर्तन आएसँगै नयाँपुस्ताले स्थान पाउँदै गएको छ । उहाँहरूको उपस्थितिले मात्र पनि निर्माताले मुनाफा आर्जन गर्न थालेपछि चलचित्रमा नयाँपुस्ताको उपस्थिति बढिरहेको छ । अनमोल केसी, प्रदीप खड्का, धीरज मगरलगायत सर्वाधिक खोजिने अभिनेता बनेसँगै नयाँपुस्ताले चलचित्रमा काम गर्ने इच्छा देखाएको पाइन्छ ।

व्यावसायिक रेकर्ड राख्न सफल फिल्म 'कबड्डी ४ : द फाइनल म्याच' मार्फत गौमाया गुरुङले डेब्यु गर्नुभयो । बेलायतमा बसोबास गर्ने अभिनेत्री गुरुङले कलाकारितामा आफ्नो भविष्य देखेर नै नेपाल आएर अभिनय गर्नुभएको हो । उहाँले अभिनय गरेको 'गोर्खा : विनिथ द ब्रेभरी' समेत प्रदर्शन भइसकेकोछ। युट्युब र सामाजिक सञ्जालमा ट्राभल ब्लग बनाउने गुरुङ नोटिस भएपछि डेब्युको अवसर पाउनुभएको हो ।

उहाँ भन्नुहुन्छ, "नेपाली भाषा र संस्कृतिमा काम गर्दा आनन्द आउँछ । म नेपाली चलचित्रमै आफ्नो भविष्य देख्छु । अवसर आएसम्म सदुपयोग गर्नेछु ।"

भारतमा मोडलिङ गरिरहनुभएकी श्रद्धा क्षेत्रीले 'कृष्ण लीला' मार्फत डेब्यु गर्नुभयो । यस अगाडि 'हृदय भरी' नामक चलचित्रमा काम गरे पनि निर्माण पूरा नभएपछि उहाँले दोस्रो अवसर पाउनुभएको थियो । क्षेत्री भन्नुहुन्छ, "नेपाली चलचित्रमा काम गर्ने रहर थियो । यहाँ दर्शकमार्फत पाइने माया भिन्नै छ ।"

रङ्गमञ्चमा काम गरिरहनुभएकी रेणु योगीले 'प्रकाश' मार्फत डेब्यु गर्नुभयो । जुम्ली युवतीको भूमिकामा दर्शकले उहाँलाई स्वीकार्नुभयो । "रङ्गमञ्चमा काम गरेपछि अडिसन दिएर चलचित्रमा अभिनय गरेकी हुँ । ठुलोपर्दाले मलाई थप अनुभव दिएको छ", उहाँले भन्नुभयो ।

यसैगरी 'सम्हालिन्छ कहिले मन' मार्फत सोनाम तोप्देन गायकबाट अभिनेता बन्नुभयो । कभर गीतमार्फत गायक बन्नुभएका तोप्देनले डेब्यु चलचित्रबाटै तारिफ पाउनुभयो । उहाँ चलचित्र आफ्नो लागि नौलो अनुभव रहेको उल्लेख गर्दै गायन र अभिनयसँगै अगाडि बढाउने योजनामा हुनुहुन्छ ।

'प्रेम गीत ३' मार्फत अभिनेत्री क्रिस्टिना गुरुङले डेब्यु गर्नुभयो । उहाँ अडिसनमार्फत छानिनु भएको हो । दसैँमा प्रदर्शन हुने चलचित्र 'बाबरी' बाट प्रसिद्ध कलाकार तृप्ति नाडकरका छोरा धीरजले डेब्यु गर्दै हुनुहुन्छ । भारतमै रहेर केही टेलिशृङ्खलामा समेत काम गरिसक्नुभएका धीरज नेपाली दर्शकमार्फत पाइरहेको मायाले उत्साहित हुनुहुन्छ ।

"मैले नेपालमा पाएको माया अद्भुत छ । मेरो आमाझैँ मलाई पनि स्वीकार्नुहुन्छ भन्नेमा विश्वस्त छु । मैले इमान्दार भएर काम गरेको छु", उहाँले भन्नुभयो । 'दुई नम्बरी' चलचित्र मार्फत भुटानी अभिनेत्री उगेन छोदेनले डेब्यु गर्दै हुनहुन्छ । "नेपाली कलाकारको सहयोगले डेब्यु राम्रो भयो । म आउँदो दिनमा पनि चलचित्रमा अभिनय गर्नेछु", उहाँले भन्नुभयो ।

तिहारमा प्रदर्शन हुन लागेको 'महापुरुष' चलचित्रमार्फत अरुण क्षेत्री र अञ्जना बराइली डेब्यु गर्दै हुनुहुन्छ । दुवै जनाले अडिसन दिएर छानिनुभएको हो । अरुणले 'आइएम ट्वान्टी वान' चलचित्रमा अभिनय गरिसक्नुभएको छ भने अञ्जना मोडलिङ गरिरहनुभएको छ ।

'परदेशी २' बाट गायक प्रकाश सपुत, 'लन्डन टु पेरिस'बाट गरिमा शर्मा र निश्चल खड्का, 'वर एण्ड वधु' बाट विवेक कर्माचार्यलगायतले चलचित्रमा डेब्यु गर्दै हुनुहुन्छ । मेकिङ शैलीमा परिवर्तन आएसँगै हलमा नयाँपुस्ता दर्शक बनेर बढेझैँ चलचित्रमा पनि आकर्षण देखिन्छ । उनीहरू सम्बन्धित विधाको अध्ययन गरेर नै काम गरिरहेका छन् । उहाँहरूको उपस्थिति सकारात्मक रहेको निर्देशक प्रदीप भट्टराई बताउनुहुन्छ ।

उहाँ भन्नुहुन्छ, "नयाँपुस्ताले चलचित्रको विभिन्न विधामा रुचि देखाउनु र अध्यन गरेर आउनुले चलचित्रको भविष्य उज्वल रहेको सङ्केत गर्छ । उहाँहरूको सक्रियतामा अझै परिवर्तन हुनेमा विश्वस्त छु । सफल र असफल जे हुँदा पनि निरन्तरता भने दिनुपर्छ ।"रासस

# मागअनुसार हेली एभरेष्टले थप्यो अर्को हेलिकोप्टर

काठमाण्डु । कोरोना भाइरस (कोभिड-१९) को सङ्क्रमण नियन्त्रणमा आएसँगै आन्तरिक र बाह्य पर्यटकको मागअनुसार हेली एभरेष्ट कम्पनीले एक हेलिकोप्टर थप गरेको छ ।

सिलिङ, साइट सिइङ, रेस्क्यु, फिल्मिङ, माउन्टेन फ्लाइटलगायत सेवा थप विस्तारका लागि एक हेलिकोप्टर खरिद गरिएको हेली एभरेष्ट कम्पनीका बजार प्रमुख सीताराम सापकोटाले जानकारी दिनुभयो ।

उहाँका अनुसार अहिले खरिद गरिएको हेलिकोप्टरसँगै अब कम्पनीसँग हेलिकोप्टर सङ्ख्या तीन पुगेको छ । आन्तरिक र बाह्य पर्यटकको मागअनुसार हेली एभरेष्ट कम्पनीले सिम्रिक एयरको एउटा एयरबसको बी-थ्रीइ सिरिज हेलिकोप्टर खरिद गरेको बताइएको छ ।

कोरोना सङ्क्रमण सहज भएसँगै स्वदेशी तथा विदेशी पर्यटकको धार्मिक तथा पर्यटकीय गन्तव्यमा आउजाउ गर्ने क्रम वृद्धि भएको र हेलिकोप्टरको माग बढेकाले कम्पनीले हेलिकोप्टर सङ्ख्या थप गरेको कम्पनीले जनाएको छ ।रासस

# डेङ्गुबाट एक महिलाको मृत्यु

चितवन । डेङ्गुको सङ्क्रमणबाट चितवनमा एक महिलाको मृत्यु भएको छ । राप्ती नगरपालिका-७ की ४० वर्षीया महिलाको डेङ्गुका कारण मृत्यु भएको हो ।

स्वास्थ्य कार्यालयका अनुसार स्थानीय मौलाकालिका पोलिक्लिनिकमा परीक्षणका क्रममा ती महिलामा डेङ्गु पुष्टि भएको थियो । उनको उपचारका क्रममा चितवन मेडिकल कलेजमा मृत्यु भएको कार्यालयका सूचना अधिकारी राम केसीले जानकारी दिनुभयो । यसअघि यही असोज २ गते रत्ननगर नगरपालिका-१ का २७ वर्षीय पुरुषको डेङ्गुका कारण मृत्यु भएको थियो ।

जिल्लामा हालसम्म सात सय ४३ जनामा डेङ्गु सङ्क्रमण पुष्टि भएको छ । उनीहरूमध्ये चार सय ५९ चितवनका छन् । बाहिरी जिल्लाका एक सय ७५ र ठेगाना नखुलेका एक सय नौ जना रहेका छन् ।रासस

# निगमको भूमिस्थ सेवा पुनः आइसागो सर्टिफाइड

काठमाण्डु । अन्तर्राष्ट्रियस्तरको भूमिस्थ सेवा 'ग्राउण्ड ह्याण्डलिङ सर्भिस' दिइरहेको राष्ट्रिय ध्वजाबाहक नेपाल वायुसेवा निगम (नेपाल एयरलाइन्स) ले सेवालाई थप सुदृढ र प्रभावकारी बनाइने जनाएको छ ।

आइसागो अडिटबाट पुनः सर्टिफाइड भएपछि निगमले बिहीबार विज्ञप्ति निकालेर ग्राउण्ड हयाण्डलिङ सेवालाई थप प्रभावकारी बनाउने प्रतिवद्धता व्यक्त गरेको हो । हरेक दुई-दुई वर्षमा हुने आइसागो अडिटबाट निर्धारित मापदण्ड पूरा गरेमा मात्र यस्तो सर्टिफिकेट प्रदान गरिन्छ ।

निगमका प्रवक्ता अर्चना खड्काले निगमको ग्राउण्ड ह्याण्डलिङ सेवा यो पटक पनि सर्टिफाइड हुनु निगमका लागि उपलब्धि भएको बताउनुभयो । निगमको सेवा प्रभावकारी नभएको भन्ने टीका टिप्पणी भइरहेका बेला निगमले यो सेवामा गरेको कामको अन्तर्राष्ट्रियस्तरमा प्रसंशनीय रहेको उहाँको भनाइ छ । कठिन परिस्थिति, सीमित जनशक्ति र स्रोत साधनका बाबजुद पनि निगमले उपलब्धि हासिल गरेकोले आगामी दिनमा थप काम गर्न प्रेरणा मिलेको प्रवक्ता खड्काले बताउनुभयो ।

'उपलब्ध सीमित पूर्वाधारका बाबजुद निगमले अन्तर्राष्ट्रियस्तरको सेवा उपलब्ध गराएको र यसलाई निरन्तर सुधार गर्दै उत्कृष्ट सेवा प्रदान गर्न निगम दृढ सङ्कल्पित छ', निगमले जारी गरेको विज्ञप्तिमा भनिएको छ ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा नेपाल वायुसेवा निगमले ग्राउण्ड ह्याण्डलिङ सर्भिस निरन्तररूपमा दिँदै आएको छ । सन् २०१६ देखि निगमले ग्राउण्ड ह्याण्डलिङ सेफ्टीसम्बन्धी अडिट गराई आफ्नो सेवालाई अन्तर्राष्ट्रियस्तरको सेवामा मापन गरेको निगमले उल्लेख गरेको छ । विगतमा निगमले ग्राउण्ड ह्याण्डलिङ सेवाको 'लोड कन्ट्रोल', 'प्यासेन्जर एन्ड ब्यागेज ह्याडलिङ', 'एयरक्रयाफ्ट ह्याण्डलिङ एन्ड लोडिङ अर्गनाइजेशन एन्ड म्यानेजमेन्ट एयरक्रयाफ्ट ग्राउण्ड ह्याडलिङ मोमेन्ट' मा आइसागो सर्टिफाइड 'आयोटा सेफ्टी अडिट फर ग्राउण्ड अप्रेसन' भएकोमा हाल 'कार्गो ह्याण्डलिङ' सहित ग्राउण्ड ह्याण्डलिङका सबै क्षेत्रहरुमा आइसागो सर्टिफाइड भएको निगमले जनाएको छ ।

आइसागो सर्टिफिकेट इन्टरनेश्नल एयर ट्रान्सपोर्ट एशोसिएसन (आयोटा) ले आवधिकरूपमा समय-समयमा हुने 'इन्सपेक्सन' र हरेक दुई-दुई वर्षमा हुने आइसागो अडिटबाट निर्धारित मापदण्ड पूरा गरेमा मात्र प्रदान गर्दछ ।

निगमको प्रमुख आम्दानीका रूपमा पनि भूमिस्थ सेवालाई लिइन्छ । निगमले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको अतिरिक्त भैरहवास्थित गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा पनि यस्तो सेवा दिइरहेको छ ।रासस

# सीमासुरक्षा थप प्रभावकारी बनाउन दुई मुलुकका सुरक्षा अधिकारी सहमत

काठमाण्डु । नेपाल-भारतको सीमा सुरक्षालाई थप प्रभावकारी बनाउन दुई देशका सुरक्षा अधिकारी सहमत भएका छन् ।

सशस्त्र प्रहरी बल, नेपाल (एपिएफ) र भारतको सशस्त्र सीमा बल (एसएसबी) बीच सशस्त्र प्रहरी बलको मुख्यालय हल्चोक काठमाण्डुमा भएको दुई दिने छैटौँ समन्वयात्मक बैठकमा उक्त सहमति भएको सशस्त्र प्रहरी बल नेपालले जनाएको छ ।

सशस्त्र प्रहरी बल, नेपालका तर्फबाट सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्याल तथा भारतको सशस्त्र सीमा बलका तर्फबाट महानिर्देशक सुजय लाल थाओसेनले बैठकको नेतृत्व गर्नुभएको थियो । बैठकमा सीमा सुरक्षालाई थप प्रभावकारी बनाउँदै लैजाने, सीमापार अपराध नियन्त्रण गरी सीमा सुरक्षालाई थप सुरक्षित बनाउने, दुई सुरक्षा निकायबीच निरन्तर समन्वय र सहकार्य तथा सूचना आदनप्रदान गर्नेलगायत सहमति भएको छ ।

दुई सुरक्षा अधिकारीबीच भएको हस्ताक्षरमा सीमा नाकामा 'हेल्प डेस्क' स्थापना गर्ने कार्यलाई निरन्तरता दिँदै सीमा क्षेत्रमा प्रभावकारी कार्य गर्ने सहमति पनि भएको सशस्त्र प्रहरीले आज एक सूचना जारी गरी जनाएको छ ।रासस




Government of Nepa

## Ministry of Federal Affairs & General Administration

## Gaur Municipality

### Office of the Municipal Executive

Gaur, Rautahat

## Invitation for BID (IFB) Dated 2079 ashoj 14

1. Gaur Municipality invites following electronic bid from eligible national bidders under competitive bidding (NCB) unc single stage single/double envelope procedure.
2. The Details of the project are as following.

| Contract ID | Project Name | Bid Security Amount (NRs) | Bid Document fee (NRs) | Bid Validity/Bid Bond Guarantee period | Last Date& Time of bid submission |
|---|---|---|---|---|---|
| NCB-TB-4/079/80 | Baneswor Nathmandir Trail Bridge, Gaur-2, Rautahat | 1053800.00 | 5000.00 | 90 days/120 days from last date of bid submission | 2079/07/16 till 12:00pm |

3. Eligible bidders may obtain furhter information from PPMO's website- www.bolpatra.gov.np/egp.
4. The employee reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reasons, whatsoever.



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ। जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन॥**

## सम्पादकीय

# बेथितिको भुमरी

मधेश प्रदेश सरकार बेथितिको भुमरीमा परेको छ। अपारदर्शिता, आनाकानी, बैचारिक विचलन, सुशासनको वृद्धिले सरकार कुतर्कनाको जालोमा छ। मुख्यमन्त्रीदेखि मन्त्री, प्रदेश सचिव कुनीतिको दबदबामा छन्। परिणामतः मन्त्रिपरिषद्बाट निर्णय कार्यान्वयन नहुने अवस्था र बिरामीको उपचारका लागि गरिएका प्रयास कुटिलतामा अल्झेर विडम्बनाको पासोमा छ। यी अवस्थाले सरकारका पाँच वर्षको कार्यकालको गतिविधि पनि छर्लङ्ग हुन्छ। यस्तोमा सरकार नेतृत्व गर्ने सारथी कुशलता निर्णायक हुन्छ। सारथी स्वयम् ऐन, कानून, कार्यविधिको पालना गर्दै निर्णय गराउँदा सचेत हुनु पर्दछ। अविश्वासको तगारोलाई हटाउने क्षमता राख्नु पर्दछ। निर्णय गराई मुख्यसचिवबाट प्रमाणीकरण गराउन नसक्नुलाई सरकारको नेतृत्वकर्ताको कुशलता मान्न सकिदैन। सरकार मौखिक आदेशमा सञ्चालन हुनु हुँदैन। मौखिक आदेशमा सरकारका निर्णय गर्न खोज्नु गन्तव्यविहीन भइ बेटुङ्गोपन हो। संयन्त्र रनभुल्ल पार्ने क्रियाकलापले असहाय, दीनजनलाई झन निर्धो पार्ने गर्छ, अन्ततः यात्रा र परिणाम अनिश्चिय हुन्छ। प्रदेश सचिवले मन्त्रिपरिषद्को बैठक नबोलाउने प्रवृत्तिले सरकार निष्क्रिय बनेको छ। विगतमा बसेको बैठकको निर्णयलाई मौखिकतामा सीमित राख्नुले सरकारलाई आशंका, त्रास र चिन्ताको त्रिपक्षी भुमरीमा परेको छ। मुख्य सचिवले मोबाइलको स्वीच बन्द गरी राख्नु, मुख्यमन्त्रीलाई हरेक निर्णयमा सही गराउन खोज्नु, मुख्यमन्त्रीले कुनै मन्त्रीको कुरालाई मात्रै प्राथमिकतामा राखी कर्मचारीलाई कारवाही लगायत ऐन, कानून, कार्यविधि विपरीत कार्य गर्न सचिवलाई दबाब दिन खोज्ने क्रमले तुवाँला प्रतिस्पर्धा र द्वन्द्व निम्त्याएको छ। त्यसको असर मन्त्रीजनमै फाटोको परेको स्थिति छ। मन्त्रीले मुख्यमन्त्रीको सल्लाह नमान्ने, मुख्यमन्त्रीले मन्त्रीको सिफारिसलाई बेवास्ता गर्दा मन्त्रीद्वारा मन्त्रिपरिषद्को बैठक बहिष्कारसम्मको अवस्था विद्यमान छ। मन्त्रीले मुख्यमन्त्रीको क्षेत्रमा परमर्श बिना योजना राख्नु, मुख्यमन्त्रीले तुषारापात ठान्दै आक्रोशजन्य गतिविधि गर्नुले बेतिथिलाई मलजल दिएको छ। नेतृत्वकर्ता दोषज्ञ भएन भने स्वार्थले प्रश्रय पाउँछ। ईर्ष्या रिसको जघन्य विष विस्तार हुन्छ। उत्पाती अपसंस्कृति पलाउँछ। संरचनामा नै विचलन ल्याउँछ। आक्रोशले भ्रम उत्पन्न हुन्छ भने भ्रमले बुद्धि व्यग्र हुन्छ। यस्तो अवस्थामा तर्क नष्ट भइ व्यक्तिको पतन हुनेको सत्यतालाई नेतृत्वकर्ताले अंगीकार बेतिथिबाट निकासको बाटोमा लाग्नु जरुरी हुन्छ। यसबाट नै पद्धति चलायमान बन्न गइ सरकारको सार्थकताको अनुभूति गराउन सक्छ। सफलता र असफलताको यात्रामा निष्ठाले महत्वपूर्ण भूमिका निर्वाह गरी बेतिथिको सञ्जालबाट मुक्ति दिन्छ। अतः सरकारका नेतृत्वकर्ताले आफ्नो कायृकालको अन्तिम क्षणमा तीखा बाण बनी प्रश्नका सुइराको ओइरोमा लाग्ने गतिविधि बन्द गर्नुले सरकारप्रतिको आस्थाका पर्खाल दिगो र बलियो पार्न सक्छ।

# भगवान स्कन्दलाई गोदमा धारण गर्ने स्कन्दमाता

***या देवी सर्वभूतेषु मां स्कंदमाता रूपेण संस्थिता।***
***नमस्तस्यै नमस्तस्यै नमस्तस्यै नमो नमः॥***

यसको अर्थ हो हे माता ! सर्वत्र विराजमान र स्कंदमाताको रूपमा प्रसिद्ध अम्बे हजुरलाई मेरो कोटिकोटि प्रणाम छ। म हजुरलाई बारंबार प्रणाम गर्छु। हे माता, मलाई सबै पापबाट मुक्ति प्रदान गर। यस दिन साधक को मन 'विशुद्ध' चक्रमा अवस्थित हुन्छ।

भगवान स्कंद 'कुमार कार्तिकेय'को नामबाटपनि मातालाई स्मरण गरिन्छ। यो प्रसिद्ध देवासुर संग्राममा देउताहरुको प्रधान सेनापति बन्नु भएको थियो। पुराणहरुमा उहाँलाई कुमार र शक्ति भनेर महिमाको वर्णन गरिएको छ।

उहाँ भगवान स्कन्दमाता भएको कारण मां दुर्गाजीको यस स्वरूपलाई स्कंदमाताको नामले पुजिन्छ।

स्कन्दमाताको कृपाले मुर्खपनि ज्ञानी हुने गर्छ। स्कन्द माताको आफ्नो गोदमा धारण गर्नु भएकी माता देवीको नाम स्कन्दमाताको नामले विख्यात छन्।पहाडमा बसेर संसारिक जीवमा नवचेतनाको निर्माण गर्ने स्कन्दमाता हुन्।

बडा दशैमा पाँचौ दिन स्कन्दमाताको पूजा अराधना गरिन्छ।पहिलो दिन शैलपुत्री, दोस्रो दिन ब्रम्हचारिणी, तेस्रो दिन चन्द्रघण्टा, चौथो दिन कुष्माण्डा र पाँचौ दिन स्कन्द माताको पुजा गरिन्छ।

दूर्गा मन्दिर र पण्डालमा बनाईने दूर्गाको मुर्तीहरुमा स्कन्द माताको स्वरुप निर्माण भएको देखिदैन्।

तर पाँचौ दिन उहाँको पूजा गरिन्छ।हिन्दूहरुको धर्मग्रन्थहरुमा नवरात्री सम्बन्धी पूजा विधिमा स्कन्दमाताको पूजा पाँचौ दिन गरिन्छ।स्कन्दमाताको कृपाले मुर्खपनि विद्वान बन्ने गर्छ।विधिविधान पूर्वक गरिने पूजाबाट माता प्रसन्न भै साधकलाई मनवाञ्छित फल प्रदान गर्नु हुन्छ।

स्कंद कुमार कार्तिकेयकी माताको कारण उहाँलाई स्कंदमाताको नामले अभिहित गरिएको छ।



उहाँको गोदमा भगवान स्कंद बालरूपमा विराजमान हुनुहुन्छ। स्कन्दमाताको कृपा प्राप्तिका लागि ठूलो जपजापपनि आवश्यक नपर्ने बताईन्छ। अत्यन्त निष्ठापूर्वक उहाँको भक्तिपुजा गरी साधकहरु सिद्धी प्राप्त गर्छन्।

स्कन्दमाताको चार हात छन्।दाहिने तर्फको उपरको हातले भगवान स्कन्दको बालस्वरुपलाई समात्नु भएको छ।

तलको हातमा कमलको पुष्प रहेको छ। बायाँ तर्फको माथिल्लो हातमा वरदमुद्रा र तलको हातमा कमल पुष्प रहेको छ।उहाँको वर्णन अत्यन्त शुभ रहेको छ।उहाँ कमलको आसनमा विराजमान रहनुहुन्छ।उहाँ कमलको आसनमा विराजमान रहने भएकाले पद्मासन पनि भनिन्छ।स्कन्दमाताको सवारी सिंह रहेको छ।उहाँ सिंहमा सवार भएर भक्तहरु समक्ष पुग्ने गरेको धार्मिक मान्यता छ।

शास्त्रमा स्कन्दमाताको अत्यन्त महत्वको वर्णन गरिएको छ।उहाँको उपासनाले भक्तको सम्पूर्ण ईच्छापूर्ण हुन्छ।भक्तले मोक्ष प्राप्ति गर्छन्।उहाँ सूर्यमण्डलको अधिष्ठात्री देवी भउको कारण उहाँको भक्तहरुले अलौकिक तेज र कान्तिमय हुन्छन्।स्कन्दमाताका भक्तहरुमा अत्यन्त तेज हेर्न सकिन्छ।

मनलाई एकाग्रचित र पवित्र बनाएर स्कन्दमाताको आराधना गर्ने भक्त, साधकहरुलाई भवसागर पार गर्न कुनै कठिनाई हुँदैन्।

नवरात्रि-पूजनको पाँचौ दिन शास्त्रमा पुष्कलको महत्व वर्णन गरिएको छ। यस चक्रमा अवस्थित मन भएका साधकको समस्त बाह्य क्रिया एवं चितवृतीको लोप हुन्छ। उनी विशुद्ध चैतन्य स्वरूप तर्फ अग्रसर भईरहेका हुन्छन्।

साधकको मन समस्त लौकिक, सांसारिक, मायिक बंधनबाट विमुक्त भएर पद्मासना स्कन्दमाताको स्वरुपमा पूर्णत ःतल्लिन भएका हुन्छन्। यो समयमा साधकले पूर्ण सावधानीपूर्वक उपासना तर्फ अग्रसर हुनु पर्छ।

आफ्नो सम्पूर्ण ध्यान वृतिलाई एकाग्र राख्दै साधनको पथमा अगाडी बढनु पर्छ।

उहाँको पूजाले मोक्षको मार्ग सहज हुन्छ।स्कन्दमाता विद्वान र सेवक उत्पन्न गर्ने अत्यन्त शक्तिशाली हुन्।

चेतनाको निर्माण गर्ने स्कन्दमाता कल्याणकारी हुनुहुन्छ।

भनिन्छ काली दासले रचना गरेको बहुचर्चित ज्ञानोपयोगी रघुवंशम महाकाव्य र मेघदूतको रचना स्कन्दमाताकै कृपाले संभव भएको हो।स्कन्दमाताको कृपा भएपछि काली दास सर्वत्र पुजनिय भक्त बने।

स्कन्दमाताको पूजामा भक्ति र निष्ठा आवश्यक मानिन्छ।साधकहरु जति भक्ति र निष्ठापूर्वक पूजा गर्छन्, माताको कृपा त्यती चाँडौ बर्सिन्छ।स्कन्दमाताको स्वरुप दयालु हो।साधकमाथि उहाँको कृपा वर्षा हुन्छ।

# राष्ट्रपतिका असंवैधानिक कामहरू



डा. रामसागर पंडित

राष्ट्रपति राष्ट्रका अभिभावक हुन्। यदि अभिभावकबाट नै संविधान विरोधी कामहरू हुन थाल्यो भने देश संविधान तथा शासनपद्धतिसमेत संकटमा पर्न सक्छ। नेपालको संविधान २०७२ ले राष्ट्रपतिलाई राष्ट्राध्यक्ष र प्रधानमन्त्रीलाई शासनाध्यक्ष बनाएको छ। त्यतिमात्र होइन, व्यवस्थापिका, कार्यपालिका तथा न्यायपालिकालाई पृथकीकरणको सिद्धान्तमा आधारित भएर काम गर्न तोकेको छ। यसबाट के देखिन्छ भने कसैले पनि आफ्नो सीमा नाघ्न कोसिस गर्छ भने त्यसलाई लिकमा ल्याउन एक अर्कालाई संविधानले नै अधिकार तोकी दिएको छ। त्यसैले आफ्नो सीमा भित्र रहेर काम गर्दा संविधानको मर्म अनुसार काम हुन्छ अन्यथा भन्न सकिन्न। यहाँ अहिले त्यही भएको छ। राष्ट्रपति विद्यादेवी भण्डारीले नागरिकता विधेयकलाई रोकेर संवैधानिक कानुनलाई धज्जी उडाएका छन्। पहिलो पटक उनलाई संविधानले नै त्यो सुविधा दिएको थियो। तर दोस्रो पटक उनले संविधानले प्रदान नगरेको बाटोमा उतरिएकी छन्। संसदीय प्रणाली अपनाएका देशहरूमा संसद देशको सर्वोत्कृष्ट संस्था मानिन्छ। सबै समस्याको निदान गर्ने जिम्मा संसदलाई नै प्रदान गरेको हुन्छ। तर यस पटक राष्ट्रपतिबाट संसदको निर्णयलाई पैतालामुनि कुल्चिने काम भयो जुन नेपालको संविधान अनुसार उनलाई छुट छैन। यस कामले संविधान माथिको एउटा ठूलो प्रहार हो। यो प्रहार यस्तो समयमा भएको छ जसका कारण शासकीय प्रणालीकै ध्वंस हुने जोखिम बढेको छ। मुलुक अहिले निर्वाचन प्रक्रियामा प्रवेश गरेको छ। प्रतिनिधिसभा छैन। उता न्यायपालिका समेत प्रभावित छ। प्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबरासमेत निलम्बित अवस्थामा छ। कसले कसलाई हेर्छ भने शून्यता देखिन्छ। यस्तो समयमा संविधान बचाउने मूल जिम्मेवारी राष्ट्रपतिको हातमा जान्छ। तर यहाँ 'जो रक्षक उही भक्षक' को उखानलाई शतप्रतिशत व्यवहारमा उतारेको देखिन्छ।

यहाँ कतिपय पार्टीहरू समेत संविधानको मर्मलाई लात मारेर अगाडि बढ्न खोज्छन्। मूल रूपले यस नागरिकता विधेयकमा अडङ्गा लगाउने काम नेकपा (एमाले) बाट भएको देखिन्छ। हुनत विगतमा पनि प्रतिनिधिसभा नै विघटन गरि संविधानको पालनामा कति इमान्दार छ भने कुरा सबैका सामुन्ने प्रष्ट हुँदैछ। यसरी जसले संविधान अनुसार शपथ खाएर संविधान अनुसार काम गर्ने बच्नबद्धता प्रकट गरेका थिए तर त्यस कुरालाई पूर्णरूपले विर्सेर नैतिकतालाईसमेत छाडेर देश र जनताप्रतिको काम कारबाहीलाई हातमा लिएका छन् जसलाई जनताले नै मूल्याङ्कन गर्ने नै छ।

राष्ट्रपतिले दोस्रो पटक फिर्ता पठाएको नागरिकता विधेयक सर्वोच्च अदालतमा विचाराधीन छ। अब अदालतले यस नागरिकता विधेयकलाई कसरी विश्लेषण गर्छ हेर्न बाँकी नै छ। कानूनलाई हातमा लिएर काम गर्ने अधिकार कसैलाई छैन चाहे देशको राष्ट्रपति नै किन नहोस्। संविधान जारी भएको सात वर्ष पूरा भयो। पहिलो निर्वाचित संसद आफ्नो कार्यकाल पूरा गरेको छ। दोस्रो चरणमा प्रवेश गर्ने प्रक्रियामा छ। नेपालको संविधान २०७२ आएदेखि केही इतर पक्षले विरोध जनाए पनि उनीहरूबाट संविधानलाई विफल पार्ने कुनै काम भएको छैन वरु संविधान मान्ने पक्षबाट नै यसको धज्जी उडाउने काम गरेको देखिन्छ। जो सरासर राष्ट्र विरोधी काम हो।

नागरिकता विधेयक संसदमा पास भएपछि एक दिनको कुरा हो, हामी ५-७ जना जनकचौकको जनक मन्दिरमा दीप नारायणको पत्रिका पसलमा पत्रिका किन्न आएका थियौ। कुराकानीको बीचैमा दीपनारायणले भन्न थाल्नुभयो कि यसपालि पनि नागरिकता विधेयक पास हुँदैन। हामी उहाँको कुरालाई सुनेर के भन्यौं भने दीपनारायण त्यस्तै बोल्दै गर्छन। यस्तो पनि कुरा हुन्छ, संसदबाट पारित विधेयकलाई राष्ट्रपतिले कसरी रोक्न सक्छन् ? तर दीपनारायणले भने जस्तो नै भयो। यसबाट के देखिन्छ भने संविधानमा लेखिएको कुराबाट मात्र बुझ्न गाह्रो छ। नेता, पार्टी तथा पदासीन पदाधिकारी तथा महामहिमहरूका व्यवहारलाई बुझ्न हाम्रालागि गाह्रो छ। तर पटक/पटक नागरिकताको सबालमा धोखा खाएका व्यक्तिहरूलाई सहजै विश्वास भइरहेको छैन। हामी त संविधानमा राष्ट्रपतिका प्रमाणित गर्ने अधिकारलाई सीमाबन्दी गरेकोले राष्ट्रपतिले यसपालि गर्नै पर्छ। प्रमाणित नगर्नुको कुनै कारण देखिरहेको छैन। तर कुरो दीपनारायणले भने जस्तै भयो। हामी छक्क पर्यौं र सोच्न थाल्यौं देशमा संविधानभन्दामाथि पनि रहेछ। राजतन्त्रलाई त हामीले हटाऔं। तर राजतन्त्रको मानसिकतालाई हटाउन सकेनौं। त्यसैले अहिले पनि केही नेता तथा राष्ट्रपति महोदयमा त्यही मानसिकताले ठाउँ लिएको देखिन्छ। प्रजातान्त्रिक व्यवहारको विकासमा कमी देखिन्छ। यस्ता व्यवहारले शासकीय पद्धतीमा समेत धक्का लाग्न सक्छ र देशमा अराकताले ठाउँ पाउन सक्छ।

म अस्ति एउटा पत्रिकामा एक जनाको लेख पढेको थिए। वहाँको लिखाइको सार के थियो भने यस विधेयकबाट नेपालीलाई होइन, पूरै मधेसी जो भारतबाट पलायन भएर नेपाल पसेका छन्। उहाँको विचार त संकीर्षताबाट ओतप्रोत थियो। अर्कोतिर वहाँलाई अहिले नागरिकको अवस्था बारे केही थाहा रहिनछ। अहिलेको विधेयक नयाँलाई नागरिकताको कुरा उठाएकै छैन। एकचोटी जन्मसिद्ध नागरिकता लिइसकेको नेपालीको सन्तानलाई नागरिकता दिने कुरो छ। यसमा भारतीयहरू कसरी आउँछन्। नागरिकता विधेयकलाई बिना अध्ययन जथाभावी बोल्नु भनेको देशमा मधेशीलाई अपमानित गर्नु हो। नागरिकताबाट सबै क्षेत्रका मानिसहरू छुटेका छन्। नागरिकताबाट वंचित गर्नु मुलुकका लागि राम्रो मान्न सकिँदैन। यसबाट राजनीतिक प्रणाली नै ध्वंस हुन सक्छ। नेपालको संविधान २०७२ लाई विश्वको सर्वोत्कृष्ट संविधान भनेका थिए। कहीं कतै कसैको समस्या छ भने विस्तारै संशोधन गर्दै अगाडि बढ्नु पर्ने हुन्छ भने कुरा निर्माण कालमा नै भनेका थिए। आज त्यही कुरा भएको छ। तराई मधेशका मानिसहरू संविधान संसदबाट पारित हुने बेलामा नै माँग गरेका थिए। तयसै बेलादेखि विरोधका स्वरहरू निरन्तर आइरहेका छन्।

केही नेताहरूमा के लागेको छ भने म पदासीन हुँदा मैले गरेको ठीक तर अर्कोतिर कानुनी प्रक्रिया पुरा गरी नागरिकता कानुन ल्याउन खोज्दा बेठीकले त्यस्ता नेताहरूका दोहोरो चरित्रलाई पर्दाफास गरेको छ। यी कुराले के संकेत गर्छ भने नेपालको संवैधानिक प्रणाली अहिले पनि सुरक्षित हुन सकेको छैन। जे छ त्यसलाई संकटतिर धकेल्ने काम गरिरहेका छन्। अब संवैधानिक कानून भंग गर्न पूर्वराजामहाराजा तथा विदेशी हस्तक्षेपबाट होइन भित्र कै व्यक्तिहरूका अंहकार तथा बदनियतताका कारण अहिलेको शासकीय प्रणाली ध्वस्त हुन सक्छ। यसको प्रमाणका लागि बाहिर जानै पर्दैन। यी नेताहरूका विगतका गलत व्यवहारले गर्दा यस्ता घटना घटेकै छन्। अहिले भर्खर राष्ट्रपतिबाट भएको नागरिकता विधेयक प्रमाणित नगर्नु यस्तै चरित्रको घटना हो। यसबाट के देखिन्छ भने शासन सत्ता कहिले पनि स्थिर हुने संकेत देखिँदैन। यसबारे सबै सचेत नागरिकले सतर्क हुनै पर्ने हुन्छ। होइन भने कुन बेला यस्ता भस्मासुरहरूले यसलाई भस्म गर्लान भन्न सकिन्न। कुनै पनि देशमा जनता सर्वोपरि हुन्छ। जनादेश नै सबैभन्दा बलियो आदेश हो। सबै जनताले मुलुकको शासनमा अटाउन भने भावनाले काम गर्नुपर्छ। देश सबैको साझा हो। कुनै विशेष क्षेत्रका जात वा मानिसले देश हाम्रै हो, मधेश मूलका मानिसहरू विदेशी हुन भने कुराले राष्ट्रलाई कहिले पनि एक ठाउँमा संगठित गर्न सक्दैन।

अहिले देश निर्वाचनतिर ढल्केको छ। मङ्सिर ४ गते निर्वाचनको घोषणा भैसकेको छ। नयाँ प्रतिनिधिहरू निर्वाचनबाट आउने छन्। यस निर्वाचनबाट उपयुक्त व्यक्तिको चयनका लागि स्वस्थ अभ्यासको बढी खाँचो छ। अप्रजातान्त्रिक व्यक्तिहरूलाई चुनावबाट नै रोकौं। पैसाको चलखेललाई नियन्त्रण गरौं। हरेक कुरा संविधान र कानुनले गर वा नगर भन्दैन र सम्भव पनि छैन। प्रधानमन्त्रीबाट हुने ज्यादती त संसदबाट रोक्न सकिएला अथवा न्यायालयबाट रोकिएला, तर न्यायधीशबाटै हुने गलत धन्दा, राष्ट्रतिबाट हुने असंवैधानिक व्यवहार रोक्ने कसरी सधैं महाभियोगको अस्त्र पनि काम लाग्दैन। यसैले राष्ट्रपति जस्तो पदमा दलीय संस्थाबाट अलग्गै रहेका स्वतन्त्र व्यक्तिलाई चयन गर्नु बढी सान्दर्भिक देखिन्छ। हुनत प्रथम राष्ट्रपति दलबाट नै चुनिएका थिए तर वहाँले कहिले पनि दलीय कुरालाई प्रश्रय दिनु भएन। तोकिएको अवधिसम्म राष्ट्रपति त रहिरहलान् तर पछिसम्म रहन सक्दैनन्। राष्ट्रपति विद्यादेवी भण्डारी पुनः आफ्नो कर्तव्यपालनामा सीमा नाघेकी छन्। नागरिकता विधेयक पछि अर्को विवादमा उनी तानिएकी छन्। चीन सरकारले अघि सारेको सैन्य गठबन्धनको अभ्यास भनेर चर्चित ग्लोबल सेक्युरिटी इनिसिएटीभ्स (जीएसआई) को भर्चुअल सम्मेलनमा सहभागी भएर सीमा नाघेकी छन्।

निष्कर्षमा के भन्न सकिन्छ भने संविधानको पालनासँगै नैतिकता पनि चाहिन्छ। कुनै मान्छे पदमा गएपछि संविधानको पालना सम्बन्धमा खाएको शपथलाई विर्सेर आफ्नै पाराले काम गर्छन् भने केही दिनसम्म त गुमराहमा पार्न सकिएलान् तर पछि जिन्दगी भर कलंकित भएर बस्नु पर्ने हुन्छ। चरित्र भनेको जिन्दगीमा सबैभन्दा ठूलो सम्पति हो। गलत ढंगबाट कमाएका भौतिक सम्पत्ति केही दिन त सुख सुविधा त देलान तर पछिसम्मको सम्पत्ति चरित्र र कर्तव्य परायणता नै हुन्। राष्ट्रिय रूपमा जो शीर्ष पदमा जान्छ उनका लागि अझै पालनाको कुरो आउँछ। त्यसैले जनताको सामुने उदाहरण बन्नु पर्छ नकि विवादीत व्यक्ति भएर बाँच्नु। विवादीत व्यक्तित्व मर्णोपरान्त पनि इज्जत मर्यादा पाउँदैन।

**लेखक त्रिविबाट निवृत सह-प्राध्यापक तथा अन्वेषक हुनुहुन्छ।**

# बिआरआईको भ्रमजाल र झापाको औद्योगिक टावर



नारद मधेसी

भ्रमको मज्जा गज्जबकै हुन्छ। भ्रमितसत्यले जीवनदृष्टिनै कुनै आग्रहतिर लतारिदिन्छ। जिवनको प्रतिक्रियालाईक्रिया बनाइदिन्छ। चाहे त्यो व्यक्तिको कुरा होस वा कुनै मुलुकको प्रशासनीक गतीशिलताको कुरा होस।यसतै भ्रमजालको रुपमा साबित हुदैछ चाइनाको बिआरआई परियोजना, छिमेकी गरिब मुलुकको लागी। चाइनाले छरेको बिकास रुपी बिआरआईको भ्रमजाल क्रमश उजागर हुदै छ।बिकासको आशामा हरेक साना छिमेकी मुलुकमा आत्मिय ऊर्जा फैलाउदै बिआरआइ एकाइसो सताब्दीको स्वर्णीम युगका सपनाछरियो।तर श्रीलकां,पाकिस्तान र त्यसपछि बंगलादेशमा देखा परेको आर्थिक संकटको अवस्थाले त्यस मुलुकका सरकार मात्र नभइ जनतामा पनि आक्रोशको भ्यावह प्रवाह बढाएको छ।

सिद्धान्त, आचरण, सपना, विचार र व्यवहारमा सन्तुलन मिलाउन नसक्ने चिनीया 'कम्युनिस्ट' का चाल, चरित्र, चित्र र चिन्तनको अहिले नेपालमा खुलेर बिरोध हुन थालेको छ।कम्युनिस्टको नाममा 'जे-जे, गर-गर,बाह्य जति हस्तक्षेत्र जति गर' भने कुराको चर्चा आम नेपाली माझ चलेको मात्र छैन खुला रुपमा बिरोध समेत हुन थालेको छ। भ्रमितसत्यको सुन्दर उदाहरणको रुपमा चिनको महत्वकार्क्षी झापाको टावर वा पोखराको एयरपोर्ट निर्माण परियोजना पछि लुकेको सत्यलाई समयमै बुझिएन भने नेपालको आर्थिक अवस्था छिमेकि श्रीलकाकै गोरेटो तिर लागेको कुरालाई नकार्न सकिने अवस्था छैन।भ्रमबाट उम्कने हो भने, यति बुझ्नुपर्छ- कम्युनिस्टको नाममा चिन आफ्नो सैनिक सामरिक महत्वको कुरालाई बलियो पार्ने योजनामा सक्रिय छ।भित्रता,विश्वास र नेपालीको प्रतिबद्धता भन्दा पनिबिआरआईको बहानामा छेपारे भूमिकामा सैन्य पकड बलियो बनाउदै छ।

अहिले श्रीलंका,बगंलादेश र पाकिस्तानको आवस्था दयनीय बन्दै गएको छ।त्यसमा पनि श्रीलंकाको प्रशासकिय र आर्थिक दुबै मोर्चामा अनेक कारणले गर्दा यो दिन देखनु परेको हो। मुख्यरुपमा विदेशी कर्जाले बनाइएका परियोजनाहरु जसको आर्थिक नतीजा संदिग्ध रहयो।त्यसलाई निरन्तर अगाडि बनाउने अदुरदर्शी कामले पनि मुलुकको आर्थिक अवस्थालाई जरजर बनायो।खास गरेर चिनिया ऋणको जालमाफसाउने हम्बनटोटा पोर्ट यसको ज्वलन्त उदाहरण हो।

श्रीलंकाका शासनकर्ताले ५१ अरब अमेरिकी डालरको ठुलो विदेशी कर्जा प्रति रतीपनि सम्बेदनशील बनेनन।यसमा पनि २८ अरब अमेरिकी डालर सन २०२७सम्म चुक्ता गर्नुपर्ने छ। आर्थिकबिज्ञको सहि सल्लाहबाट कामकाज गर्नुपर्नेमा असहमति र मनोपरि सरकारीतन्त्रले गर्दा श्रीलकां यो विस्फोटक अवस्थामा पुगेको हो।जसमा त्यहाका विश्वसनीय राजनीतिक विपक्ष, स्वतंत्र र निडर न्यायपालिका, चुनाव आयोग र मीडियाको भूमिका समेत त्यस्तै रहेकोले गर्दा श्रीलकन जनताको तगारोमा अहिले सबै नेता परिरहेका छन्।नेपालको पनि स्थानिय चुनावमा देखिएको बालेन र हर्कको अप्रत्यासित जितलाई राजनेताहरुले प्रजातान्त्रिक बिद्रोहको सानो झिल्को को रुपमा लिनुपर्ने समयको चेतावनी हो।तर गठबन्धनको हानथाप र त्यासपछिको नेपाली कांग्रेसमा आउने राजनैतिक तरगंको लाभ लिने स्वपनदोसमा आली रहेको चियोचर्चाहरु पनि चलिरहेकै छन्।

चिनिया नेता शी जिनपिंगले विभिन्न मुलुकहरुमा आधार भूत संरचना बनाउने योजना लागु मात्रै गर्न दिवास स्वपन छर्न भ्ययाएन, वास्तवमा वैश्वीक परिवेसमा चिनीय सैन्य स्वार्थ र भावी रणनैतिक योजनालाई चीनीको धन र विशेषज्ञतालाई ठुलो 'ऋण जाल' को रुपमा लादन सफल समेत हुनु भएको छ। त्यहिनीतिको साथ बेल्ट एन्ड रोड योजना लगायत अरु पनि कतिपय परियोजनाहरु विभिन्न मुलुकहरुमा जोडतोडका साथ चलाइएका छन्। तर त्यो लागुगरिएको मुलुकहरुमा चिनीया सैन्यसामरिक शक्तिलाई स्थापित गर्न यी योजना ल्याइएको खुलासा विस्तारै हुन थालेपछि, बिरोधको क्रम पनि बढदै गएको छ।

विगतको चुनावमा चीनीया कम्युनिस्ट पार्टीको विधानमा बेल्ट एन्ड रोड योजनालाई स्थापित गराउन राष्ट्रपति शीले आफ्नो नवारनको बलनै लगाएका थिए। जसको फलस्वरुप यसले वैचारिक र राजनैतिक रूपबाट सबैलाई जोडेको छ। यसको माध्यमद्धारा चीनलाई विश्वजगतमानै शिखरमा पुर्याउनुको साथै शी जिनपिंगले आफ्ना पार्टी उज्वल भविष्यलाई स्थापित गर्नु उनको मुख्य लक्ष्य देखिएको छ।

## श्रीलकांबाट हामीले लिनु पर्ने पाठ

सुशासनको लागी जनउत्तरदायी,विश्वाशिलो, ईमानदार र एक स्पष्ट दीर्घकालिक दृष्टिकोण राखनसक्ने शासकको आवश्यकता हुन्छ।उच्चित सल्लाहबाट मुलुकको कामकाज चलाउन सक्ने र प्रतिपक्षको उचित बिरोधलाई अवलम्बन गर्दै अगाडि बढनु नै प्रजातान्त्रिक सरकारको मुख्य दायीत्व हो। साथैमुलुकको हितमा हुने बलियो आर्थिक तन्त्र र त्यसलाई अझ प्रगाढ बनाउने विकासको योजनाहरु लागु गर्दै देशको विकासको ढाचालाई अझ सुदृढ पर्ने नै राष्ट्रिया सरकारको मुख्य दायीत्व हो।त्यसमा पनि विश्वसनीय राजनीतिक विपक्ष, स्वतंत्र र निडर न्यायपालिका, चुनाव आयोग र संचार माध्यम सहभागी रहेको हुन्छ।

कुनै समय लेफ्टिनेंट कर्नल नन्दसेन गोटाबाया राजपक्षे श्रीलंकामा सबै भन्दा ठुलो तकबर नेता थिए।उनी श्रीलंकाको आठौ राष्ट्रपति हुदा उनीप्रति ठुलो आकर्षण थियो। यस्तो अवस्था थियो कि भुतो न भबिष्यती उनलाई कसैले छुन पनि सक्दैन। तर उनको राजनैतिक पतनले प्रमाणित गर्यो कि जनताको हितमा काम नगर्ने नेता कुनैपनि बेला धराशायी हुन सक्छ। लोकतांत्रिक मुलुकहरुको साथ साथै एक-दलीय शासन व्यवस्था भएको मुलुकहरुमा पनि यस्तो अवस्था आउने बेर छैन। कुन्ठित र अज्ञानी मतदाताहरु र जातीय,क्षेत्रीय वा अन्धराष्ट्रबादको बलमा पाउने सत्ता आरोहण चिरस्थायी हुन सक्दैन। केंद्रीकृत, ग़ैर-सलाहकारी निर्णय-प्रक्रिया, पक्षपातपूर्ण सरकारी अफ़सरशाही, स्वतंत्र संस्थाहरुको कमज़ोरी, मीडिया र सरकारबिचको अनैतिक गठबन्धन त्यसमा पनि व्यापारीक सेल्फ़-सेंसरशिप, नकली सोशल मीडिया र नस्लीय-राष्ट्रवादी वा धर्म-आधारित लुभ्याउने दुष्प्रचार लगायतका कुराले मुलुलाई केहि समयको लागी दिगभ्रमित गर्न सक्छ तर त्यासको परिणाम श्रीलंकामा देखिएको जनआक्रोस नै हुन सक्छ। हंबंतोटा बंदरगाहको माध्यमबाट चीन हिंद महासागरमा अफ्नो नियंत्रण स्थापित गर्न चाहिरहेको छ।



**उप-प्रमुख मेहता : बजार अनुगमन:** चाडपर्व लक्षित गरेर सुनसरी सदरमुकामसमेत रहेको इनरुवा नगर क्षेत्र भित्र रहेका पसलको अनुगमन गर्दै इनरुवा नगरपालिकाका उप-प्रमुख बिनिताकुमारी मेहता। *तस्बिर : रासस*

# संविधान उल्लंघन गर्ने राष्ट्रपतिको कदम विरुद्ध सशक्त आन्दोलन गर्नुपर्ने

**टुडे समाचारदाता**

राजविराज । संघीय संसदको दुबै सदनबाट पारित नागरिकता ऐन सम्बन्धी विधेयक प्रमाणीकरण नगरी संविधानको उल्लंघन गर्ने राष्ट्रपति विद्यादेवी भण्डारी विरुद्ध सशक्त आन्दोलन गर्नुपर्ने सामाजिक विकास मन्त्री नवल किशोर साहले बताएका छन्।



जसपा सप्तरीका अध्यक्ष केदार प्रसाद यादवको अध्यक्षतामा आयोजित अन्तरक्रिया कार्यक्रममा बोल्दै बक्ताहरुले प्रतिगामी शक्तिको इसारामा राष्ट्रपति भण्डारीले नागरिकता विधेयक प्रमाणीकरण गर्न अस्विकार गरेको आरोप लगाएका छन्।

राष्ट्रपति भण्डारीको विभेदकारी व्यवहारले देशलाई द्वन्द्वतर्फ धकेलेको टिप्पणी गर्दै बक्ताहरुले संविधान उल्लंघन गर्ने राष्ट्रपति भण्डारी विरुद्ध सशक्त आन्दोलन गर्नुपर्नेमा जोड दिएका छन्।

जसपा राजनैतिक समिति सदस्य एवम् संविधान सभा सदस्य रन्जु ठाकुरले राष्ट्रपति भण्डारीलाई संसदबाट पारित नागरिकता विधेयक रोक्ने अधिकार संविधानले नदिएको जिकिर गरिन्।

उनले राष्ट्रपति भण्डारीले नेपालको संविधानको घोर उल्लंघन गरेको आरोप लगाइन्। उनले एमाले देशमा संविधान उल्लंघन गर्ने सबैभन्दा अग्रपंक्तिमा रहेको पार्टी रहेको आरोप लगाइन्।

राजनैतिक समिति सदस्य विनोद कुमार चौधरीले संविधानको रक्षक राष्ट्रपति भण्डारीलाई संविधानको बर्खिलाप गर्ने हैसियत नभएको बताए। संबैधानिक राष्ट्रपतिले कार्यकारी भूमिका खेल्नु खोज्नु संविधानविरोधी कार्य भएको उनको भनाइ थियो। उनले संविधानमाथि धावा बोल्ने राष्ट्रपति भण्डारीलाई पदमा बस्न नसुहाएकोले अविलम्ब राजिनामाको माग गरेका छन्।

जसपा केन्द्रीय सदस्य विकास तिवारीले नागरिकताको समस्या मधेशीमाथि थुपार्ने तथा भ्रमको खेती गर्ने प्रतिगामी शक्तिको ईसारामा पदीय मर्यादा विपरीत कदम उठाएर राष्ट्रपतिले नाङ्गो नाच देखाएको बताए। राष्ट्रपतिको कदमले देशलाई अन्तर्राष्ट्रिय जगतमै बद्नाम गराएको भन्दै देशको प्रतिष्ठालाई जोगाउन राष्ट्रतिको कदम विरुद्ध आन्दोलन गर्नुपर्ने आबश्यकता औलाए।

# सञ्चारमाध्यमका दर्शक, स्रोता र पाठक घट्यो : अध्ययन प्रतिवेदन

काठमाण्डु । कोभिड-१९ पछिको असर र वैकल्पिक मिडियाको बढ्दो प्रयोगसँगै रेडियो, टेलिभिजन र पत्रपत्रिकाजस्ता परम्परागत सञ्चारमाध्यमका दर्शक, स्रोता र पाठक घट्न थालेका छन्।

सञ्चारविज्ञसहितको टोलीले गरेको एक अध्ययनले टेलिभिजनका दर्शकमा १२ दशमलव दुई, रेडियोका स्रोता १४ र पत्रपत्रिकाका पाठक १७ प्रतिशतले घटेको देखाएको छ भने समाचार ग्रहणका लागि यी माध्यमको प्रयोग मानिसले अनिवार्य नभई आक्कलझुक्कलरूपमा गर्न थालेको पाइएको छ।

यद्यपि समसामयिक सूचना र आएका सूचनाको विश्वसनीयताका दृष्टिले यी माध्यमको औचित्य कायमै रहेको देखिएको छ। सामाजिक सञ्जाल प्रयोग बढे पनि मानिसहरू त्यहाँ आउने सूचनालाई भरसक विश्वास गरिहाल्दैनन्।

मुलुकभरका १८ वर्ष उमेरमाथिका पाँच हजार पाँच सय ८२ जना बीच स्थलगत अध्ययनका आधारमा 'शेयरकाष्ट इनिसिएटिभ नेपाल'ले प्रकाशन गरेको 'नेपाल मिडिया सर्भे, २०२२'ले केही त्यस्ता रोचक तथ्यहरू उजागर गरेको छ, जसले सञ्चारमाध्यम र सामाजिक सञ्जालहरूको प्रयोग, विश्वसानीयता र सञ्चार उद्यमी तथा सञ्चारकर्मीहरूका लागि भावी लक्ष्य कोर्ने बाटो देखाइदिएको छ।

अध्ययन प्रतिवेदन अनुसार सर्भेक्षणमा सहभागीमध्ये रेडियोको प्रयोगको सङ्ख्या ४५ दशमलव दुई प्रतिशत, टेलिभिजनको प्रयोग ४८ दशमलव पाँच प्रतिशत, मोबाइल र इन्टरनेटको प्रयोगको सङ्ख्या ६३ प्रतिशत र अनलाइन न्यूज पोर्टल प्रयोगको ३० प्रतिशत र पत्रपत्रिका प्रयोग १५ प्रतिशतले गर्ने गरेका छन्।

सोही संस्थाले सन् २०२० मा गरेको यस्तै प्रकारको अध्ययनको तुलनामा रेडियो, टेलिभिजन र पत्रपत्रिकाका प्रयोगकर्ता घटेका छन् भने मोबाइल र सामाजिक सञ्जालको प्रयोगकर्ता बढेका छन्। अध्ययनले रेडियो र टेलिभिजन सेटबाट नभई इन्टरनेटको प्रयोगबाट मोबाइलबाटै रेडियो सुन्ने र टेलिभिजन हेर्नेहरू पनि बढिरहेका छन्।

सूचना तथा प्रसारण विभागको अभिलेखअनुसार देशभरबाट आव २०७७/७८ सम्ममा दर्ता भएका पत्रपत्रिकाको कुल सङ्ख्या सात हजार आठ सय ७४ रहेको छ। यीमध्ये काउन्सिलको वर्गीकरणमा करिब एक हजार पर्ने गरेका छन्। पछिल्लो समयमा पत्रपत्रिकाको उत्पादन सङ्ख्या घट्न थालेको छन्। पत्रपत्रिकाहरूले अनलाइन संस्करणबाट आफ्ना पाठकलाई जोड्न थालेका छन्। दूरदराजमा पत्रपत्रिकको उपलब्धता नहुने भएकाले तथा आफ्नो पेशा व्यवसायका कारण समय दिन नसकिने हुँदा पत्रपत्रिका पढ्ने प्रवृत्ति घटेको देखिएको छ।

कान्तिपुर दैनिकका सम्पादक उमेश चौहानका विचारमा उक्त अध्ययनको विश्लेषण उत्साहजनक नभए पनि विश्वनीयताका दृष्टिमा पत्रपत्रिका, रेडियो र टेलिभिजनलाई कायमै राखिएकाले निराशाजनक छैन। उहाँले अहिले नयाँ पुस्ता कस्ता सामग्री चाहन्छन् र उनीहरूको रुचि के छ भन्नेबारेमा सामग्री उत्पादन गर्न सक्ने हो भने परम्परागत सञ्चारमाध्यमको अझै औचित्य रहने बताउनुभयो। प्रेस काउन्सिल नेपालमा दर्ता भएका अनलाइन सञ्चारमाध्यमहरूको पछिल्लो आँकडा तीन हजार छ सय २४ पुगेको छ।

काउन्सिलको ४८औं वार्षिक प्रतिवेदनले पनि सञ्चारमाध्यमलाई सामाजिक सञ्जालका कारण चुनौती थपिएको स्पष्ट उल्लेख गरेको छ। "आमसर्वसाधारण नागरिक कुन मिडिया हो, कुन सामाजिक सञ्जाल हो, को पत्रकार हो र को होइन भनेर छुट्याउन सक्ने अवस्थामा छैनन्। आमसञ्चारका सबै क्षेत्रलाई समेट्नु र नागरिकको विश्वास बढाउनु आजको आवश्यकता हो।

ए उ ट ै सञ्चारमाध्यमको समाचार पढेर, सुनेर, हेरेर नागरिकले धारणा बनाउन सकिरहेका छैनन्। किनभने तथ्यमै फरक पारिएको हुन्छ।" सो अध्ययन र विश्लेषणमा मधु आचार्यको नेतृत्वमा डा भूमिराज चापागाईं, डा सुधाम्शु दाहाल, कुन्द दीक्षित र रमेशप्रसाद अधिकारी सम्लग्न रहनुभएको थियो।रासस

# 'मङ्सिर ४ को निर्वाचन देश बनाउन महत्वपूर्ण'

भक्तपुर । नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले आगामी मङ्सिर ४ को निर्वाचन देश बनाउने मामिलामा निकै महत्वपूर्ण रहने बताउनुभएको छ।

बिहीबार ओली निवास बालकोटमा आयोजना गरिएको पार्टी प्रवेश कार्यक्रममा उहाँले मुलुकको विकासको गतिलाई अघि बढाउन र शान्ति सुव्यवस्था कायम गर्न आगामी निर्वाचनपछि बन्ने सरकारको भूमिका महत्वपूर्ण हुने बताउनुभयो। देशमा लोकतान्त्रिक प्रणालीलाई सुदृढ गर्दै भ्रष्टाचार नियन्त्रण गरी सुशासन कायम गर्न र राष्ट्रियतालाई सुदृढ गर्नुपर्ने आवश्यकता औंल्याउँदै उहाँले मङ्सिर ४ को निर्वाचनपछि एमालेको नेतृत्वमा सरकार गठन हुने दाबी गर्नुभयो।रासस

# 'जलवायु परिवर्तनसँग जुध्न न्यूनीकरण आवश्यकता छ'

काठमाण्डु । वन तथा वातावरणमन्त्री प्रदीप यादवले जलवायु परिवर्तनसँग जुध्न न्यूनीकरणको महत्व रहेको बताउनुभएको छ। अमेरिकामा जारी 'ग्लोबल मिथेन क्लाइमेट क्लीन एयर फोरम' २०२२ कार्यक्रममा जलवायु परिवर्तनका कारण विभिन्न खालका घटना बढ्दै गइरहेकामा चिन्ता व्यक्त गर्नुभयो।



उहाँले भन्नुभयो, "जलवायु परिवर्तनले विभिन्न समस्या उत्पन्न गराइरहेको छ, जलवायु परिवर्तनसँग जुध्न न्यूनीकरणको आवश्यकता छ।" मन्त्री यादवले कार्यक्रममा सहभागी हुन पाउनु नेपालका लागि सम्मानको विषय भएको जानकारी गराउनुभयो। उहाँले नेपालले जलवायु परिवर्तन नीति २०१९ लाई राष्ट्रिय र अन्तर्राष्ट्रिय जलवायु परिवर्तन एजेन्डाको लागि नेपालको प्राथमिक मार्गदर्शक दस्तावेजको रूपमा कार्यान्वयन गरिरहेको जानकारी दिनुभयो। उहाँले सन् २०२१ मा नेपालले नेट शून्य उत्सर्जनका लागि दीर्घकालीन रणनीति विकास गरेको हुँदा यसको माध्यमबाट २०३० सम्ममा अत्यन्त न्यून उत्सर्जन र २०४५ सम्ममा पूर्ण शून्य उत्सर्जन हासिल गर्ने प्रयास गरेको जानकारी गराउनुभयो।

मन्त्री यादवले नेपाल जलवायु परिवर्तनको उच्च जोखिममा रहेको र पहिले नै तापमान र वर्षामा विश्वव्यापी औसत भन्दा धेरै छिटो दरमा परिवर्तन अनुभव गरिसकेकाले भौगोलिक रूपमा नेपालका हिमालमा द्रुत हिउँ र बरफ पग्लने र मनसुनको समयमा पहाडी क्षेत्रमा मुसलधारे वर्षाका कारण उत्पन्न हुने जलवायु जोखिमको दायरामा परेको बताउनुभयो। सन् २०२० मा नेपालले पेरिस जलवायु सम्झौतालाई अनुमोदन गर्नुका साथै र उत्सर्जन घटाउने देशको प्रतिबद्धतालाई सुदृढ पार्ने उद्देश्यले दोस्रो एनडिसी पेस गरेको जानकारी गराउनुभयो।

यसैगरी उहाँले नेपालले वित्तीय स्रोत, उन्नत प्रविधि र उच्च दक्षजनशक्तिको माग गर्दै आएको र नेपालका साझेदारहरूलगायत अन्तर्राष्ट्रिय समुदायको सहयोगबिना नेपालले मात्रै निर्धारित लक्ष्य हासिल गर्न नसक्ने समेत स्पष्ट पार्नुभयो। नेपालको दीर्घकालीन रणनीतिले कार्बन तटस्थ, समावेशी र जलवायु अनुकूल भविष्यतर्फ साहसी नीति निर्माण, सामाजिक रुपान्तरण र प्राविधिक विकासको परिकल्पना गरेकाले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा जलवायु परिवर्तन नीति र 'एजेन्डा'मा काम गर्न आवश्यक संस्थागत क्षमता तयार गरिरहेको उहाँले जिकिर गर्नुभयो।

नेपालको जलवायु परिवर्तन परिषद् अन्तर्राष्ट्रिय जलवायु परिवर्तन एजेन्डा समन्वय गर्ने संस्थागत निकाय भएको र नेपाल सरकारले जलवायु परिवर्तनसम्बन्धी आवश्यक नीति र सङ्गठनात्मक क्षमता राखेको भए पनि स्रोत र प्रविधिको सीमितताका कारण कार्यान्वयनमा चुनौती हुँदै आएको छ भन्नुभयो। नेपाल साझा तर फरक जिम्मेवारी र क्षमताको सिद्धान्तमा जलवायु कार्यलाई तीव्रता दिन प्रतिबद्ध रहेको मन्त्री यादवले उक्त कार्यक्रममा जानकारी गराउनुभयो। नेपालले पनि स्वच्छ ऊर्जा व्यापारमार्फत आफ्नो सिमाना बाहिर न्यूनीकरण योगदानको लागि मान्यता खोज्दै आएको र जलवायु र स्वच्छ वायु गठबन्धनमा नेपालको सदस्यताले राष्ट्रिय रणनीति र अन्तर ष्ट्रिय प्रतिबद्धता हासिल गर्न मद्दत गर्ने उहाँले जानकारी दिनुभयो। नेपालजस्ता विकासोन्मुख देशका लागि अनुकूलन बढी महत्व पूर्ण भएको र जलवायु परिवर्तनसँग जुध्न न्यूनीकरणको महत्व रहेको उहाँले चर्चा गर्नुभयो। नेपालले जलवायु परिवर्तन न्यूनीकरणमा योगदान पुर्‍याउने परियोजनाको 'पाइलटिङ' गरिरहेको जानकारी गराउनुहुँदै मन्त्री यादवले नेपालले नेपालमा बढ्दो समस्यालाई सम्बोधन गर्न मानिस, जनावर र वातावरणका लागि स्वास्थ्य नीति ल्याउन लागेको जानकारी दिनुभयो। रासस

# 'नेपाली आकाश सुरक्षित छ'

काठमाण्डु। संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री जीवनराम श्रेष्ठले अन्तर्राष्ट्रिय नागरिक उड्डयन सङ्गठन (आइकाओ)को ४१औं त्रैवार्षिक महासभामा सम्बोधन गर्दै नेपाली आकाश सुरक्षित रहेको बताउनुभएको छ।



क्यानडाको मड्रियल सहरमा जारी महासभामा मन्त्री श्रेष्ठले आइकाओले प्रतिपादन गरेका मापदण्ड र सुझावअनुरुप हवाई सुरक्षामा नेपालले उल्लेखनीय प्रगति गरेको बताउनुभएको पर्यटनमन्त्रीको निजी सचिवालयले जनाएको छ। पर्यटनमन्त्री श्रेष्ठले आइकाओको प्रतिवेदनमा हवाई सुरक्षा मापदण्ड परिपालनमा नेपालको अङ्क विश्वव्यापी मापदण्डभन्दा बढी रहेकाले नेपाली आकाश सुरक्षित रहेको उल्लेख गर्नुभयो। उहाँले उड्डयन क्षेत्रलाई सुरक्षित, भरपर्दो र स्तरीय बनाउने सरकारको प्रतिबद्धता रहेको बताउनुभयो।

नेपालको भू-धरातललाई दृष्टिगत गर्दा हवाई यातायातको विकल्प नभएको मन्त्री श्रेष्ठले उल्लेख गर्दै हवाई सेवालाई सुरक्षित, नियमित, स्तरीय र प्रभावकारी बनाउन सरकार प्रतिबद्ध रहेको बताउनुभयो। गौतमबुद्ध अन्तर ष्ट्रिय विमानस्थल सञ्चालन भइसकेको तथा पोखरा अन्तर ष्ट्रिय विमानस्थल निर्माणको अन्तिम चरणमा रहेको उल्लखे गर्दै उहाँले हवाई सम्पर्क विस्तार, विमानस्थल स्तरोन्नति तथा नयाँ विमानस्थल निर्माणलाई सरकारले प्राथमिकतामा राखेको बताउनुभयो।

यसअघि मन्त्री श्रेष्ठले आइकाओ मुख्यालयमा महासचिव जुआन कार्लोस सालजार र आइकाओ काउन्सिल अध्यक्ष साल्भाटोर साचिटानोसँग भेट गरी नेपालले हवाई सुरक्षा अभिवृद्धिमा उल्लेख्य सुधार गरेकाले इयुले नेपाललाई उडान सुरक्षासूचीमा राखिरहनुको औचित्य नरहेको बताउनुभएको थियो।

आइकाओ महासभामा भाग लिन नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै पर्यटनमन्त्री श्रेष्ठ यही असोज ९ गते क्यानडा जानुभएको हो। महासभामा एक सय ९३ देशका मन्त्री तथा उच्चपदस्थ अधिकारी सहभागी छन्। आगामी अक्टोबर ७ सम्म चल्ने महासभामा पर्यावरण संरक्षण, उड्डयन सुरक्षा र सहजीकरण, उड्डयन क्षमता र दक्षता अभिवृद्धिका साथै हवाई यातायात र आर्थिक विकासलगायत उड्डयन नीति, रणनीति तथा यस क्षेत्रमा रहेका समस्या समाधानबारे छलफल हुनेछ।रासस


International Labour Organization

सूचना ! सूचना !! सूचना !!!

FNCSI

## निः शुल्क तालिमको सुवर्ण अवसर

**अन्तराष्ट्रिय श्रम संगठनको सहयोगमा नेपाल घरेलु तथा साना उद्योग महासंघद्वारा मधेश प्रदेशको सिरहा, धनुषा र बारा जिल्लामा निम्नानुसारको छोटो अवधिको कार्यस्थलमा आधारित सिपमुलक तालिम सञ्चालन गर्न लागेको हुनाले सिप सिकेर रोजगार/स्वरोजगार बन्न चाहने ईच्छुक सबैमा नाम दर्ता गराउन हुन सुचित गरिन्छ।**

| क्र.सं. | तालिमका बिषयहरु | अवधि | प्रशिक्षार्थीको संख्या | लक्षित समुह | तालिम हुने मिति | तालिम हुने स्थान | न्यूनतम शैक्षिक योग्यता | अन्तर्वात(किो मिति | नाम दर्ता गराउने संस्थाको नाम र ठेगाना | सम्पर्क व्यक्ति |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | डकर्मी (Carpen-ter) | १ महिना | १० | महिला, युवा तथा अनौपचारिक क्षेत्रमा काम गर्ने श्रमिकहरु | २०७९ असोज २८ गते | सिरहा | साधारण लेखपढ गर्न जान्ने | २०७९ असोज २६ गते | नेपाल घरेलु तथा साना उद्योग महासंघ, सिरहा | श्री रामदेव ठाकुर, अध्यक्ष, नेपाल घरेलु तथा साना उद्योग महासंघ, सिरहा, ९८४२८४६४७९, श्री अभिनित कर्ण, जिल्ला फोकल पर्सन, ९८४४०४३६९ |
| २ | वेटर | १ महिना | १० | महिला, युवा तथा अनौपचारिक क्षेत्रमा काम गर्ने श्रमिकहरु | २०७९ असोज २८ गते | धनुषा | १० कक्षा पास | २०७९ असोज २६ गते | नेपाल घरेलु तथा साना उद्योग महासंघ, धनुषा | श्री नरेश प्रसाद सिंह, नि. अध्यक्ष, नेपाल घरेलु तथा साना उद्योग महासंघ, धनुषा, श्री अभिनित कर्ण, जिल्ला फोकल पर्सन, ९८४४०४३६९ |
| ३ | वेल्डर (Welder) | १ महिना | १० | महिला, युवा तथा अनौपचारिक क्षेत्रमा काम गर्ने श्रमिकहरु | २०७९ असोज २८ गते | धनुषा | साधारण लेखपढ गर्न जान्ने | २०७९ असोज २६ गते | नेपाल घरेलु तथा साना उद्योग महासंघ, धनुषा | श्री नरेश प्रसाद सिंह, नि. अध्यक्ष, नेपाल घरेलु तथा साना उद्योग महासंघ, धनुषा, श्री अभिनित कर्ण, जिल्ला फोकल पर्सन, ९८४४०४३६९ |
| ४ | सिलाई कटाई | १ महिना | १० | महिला, युवा तथा अनौपचारिक क्षेत्रमा काम गर्ने श्रमिकहरु | २०७९ असोज २८ गते | बारा | साधारण लेखपढ गर्न जान्ने | २०७९ असोज २६ गते | नेपाल घरेलु तथा साना उद्योग महासंघ, बारा | श्री इमरान इराकी, अध्यक्ष, नेपाल घरेलु तथा साना उद्योग महासंघ, बारा ९८५५०४५३३८, श्री सुनील कुमार शाह, जिल्ला फोकल पर्सन, बारा |

**द्रष्टव्यः** तालिमका लागि प्रशिक्षार्थी छनौट अन्तरवार्ता मार्फत गरिने छ। रोजगार सेवा केन्द्रको बेरोजगार सुचीमा सुचिकृत भएका हरुलाई प्राथमिकता दिईनेछ। तालिम अवधिका लागि प्रशिक्षार्थीहरुलाई न्यूनत्तम पारिश्रमिक समेत भुक्तानी गर्ने व्यवस्था भएकोले प्यान नम्वर तथा बैक खाता नम्वर अनिवार्य रुपमा हुनुपर्ने, नभएको खण्डमा तालिम शूरु भएका ७ दिन भित्र लिई बुझाउनु पर्नेछ।

- **नाम दर्ता गराउन आवश्यक कागजात** : क) नागरिकताको प्रतीलिपि **नाम दर्ता गराउने अन्तिम मिति** : २०७९ असोज २६ गते , बुधवार सम्म
- **अन्तरवार्ताको स्थान र समय** : माथि उल्लेखित सम्बन्धित संस्थाको कार्यालय र समय : ११:०० देखी ५:०० बजे सम्म

# तालिबानले रुससँग तेल, ग्यास र गहुँ खरिद गर्ने

**एएनआई**

काबुल । तालिबानले रुससँग गहुँ, ग्यास, तेल खरिद र आयात गर्ने सम्झौतामा हस्ताक्षर गरेको छ । तालिबानका प्रवक्ताले पेट्रोल, डिजेल, ग्यास र गहुँ लगायतका उत्पादन रूसी मुद्रामा "विशेष छुट" हुनेगरी खरिद गर्न लागेको खामा प्रेस समाचार एजेन्सीले जनाएको छ।



युक्रेन आक्रमण गरेपछि रुसमाथि लगाइएका प्रतिबन्धका कारण यो सम्झौता बताइएको छ । पश्चिमी देशले रुस माथि बन्देज लगाएपछि मस्कोले आफ्नो निर्यात युरोपबाट एसियातर्फ सार्न बाध्य भएको छ । आर्थिक विकास, व्यापार र ट्रान्जिट तालिबान गत वर्ष अगस्टमा सत्तामा आएदेखि उच्च प्राथमिकतामा राखेको छ । इस्लामिक समूहले यस क्षेत्रका देशसँग कूटनीतिक र आर्थिक संलग्नता जारी राखेको छ।

यस वर्षको शुरुमा उच्चस्तरीय तालिवान प्रतिनिधिमण्डलले रुसको भ्रमण गरेपछि यो सम्झौता भएको हो। मस्को बाहेक, कयस क्षेत्रका देशका थुप्रै कम्पनीले अफगानिस्तानको निकासी उद्योग क्षेत्रमा लगानी गर्न चासो देखाएका छन् । तालिवान नेतृत्वले आफू अन्तरराष्ट्रिय समुदायसँग व्यापार सम्झौताको निरन्तर खोजीमा रहेको बताउँदै आएको छ।

बुधबार जारी गरिएको संयुक्त राष्ट्रसंघको प्रतिवेदनले अफगानिस्तानको अर्थतन्त्र गम्भीर आर्थिक संकुचन र तालिवानको कब्जापछि आएको बैंकिङ तथा वित्तीय सङ्कटका कारण निकै कमजोर भएको बताएइको छ । "उपलब्ध तथ्याङ्कले भन्सार र गैरकर स्रोतद्वारा सञ्चालित जुन महिनासम्मको राजस्व सङ्कलन गत वर्षको सोही अवधिमा रेकर्ड गरिएको स्तरसँग बराबर रहेको र कोइला र फलफूलबाट सञ्चालित निर्यातले विगतको आँकडालाई उछिनेको देखाएको छ" संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसले सुरक्षा परिषद्लाई दिएको पछिल्लो त्रैमासिक प्रतिवेदनमा सो बारे उल्लेख गरिएको छ।

राजनीतिक अनिश्चितता, सेवामा अपर्याप्त पहुँच र आर्थिक सहभागिताबाट महिला बहिष्करणका कारण सहायता प्रवाहमा अचानक रोक लगाइनुले आर्थिक वृद्धिमा समस्या आएको देखिएको छ।

# अमेरिकाको फ्लोरिडामा शक्तिशाली आँधी, जनजीवन कष्टकर

**एपी**

सेन्ट पिटर्सबर्ग। अमेरिकाको फ्लोरिडामाशक्तिशालीतुफानसहितको समुद्री इयान आँधीका कारण जनजीवन कष्टकर बनेको छ।

आँधीका कारण अमेरिकाको दक्षिणपश्चिमी तटीय क्षेत्रमा बाढी पनि आएको अधिकारीहरुले जानकारी दिएका छन् ।

आँधी र बाढीले विद्युत, सञ्चार, खानेपानी, यातायात लगायतका आधारभूत सेवाहरु अवरुद्ध भएकाले जनजीवन प्रभावित भएको हो। यसबाट २५ लाखभन्दा बढी मानिस प्रभावित भएको बताइएको छ।

अहिलेसम्मका ठूला आँधीमध्येमा पर्ने यस इयान आँधी र बाढीका कारण सयौं घर डुबानमा परेका छन् भने धेरै भौतिक संरचना भत्किएका छन् ।

आँधी आइरहेका बेला आप्रवासीलाई लिएर क्युबाबाट फ्लोरिडातर्फ आउँदै गरेको एउटा डुङ्गा डुब्दा २३ जना हराइरहेको सुरक्षाकर्मीले बताएका छन् ।

झण्डै २४१ किलोमिटर प्रतिघण्टाको गतिमा आएको आँधीले गराएको क्षतिको विवरण सङ्कलन गर्ने कार्य भइरहेको पनि अधिकारीहरूले जनाएका छन् । उनीहरूले थप क्षति हुनसक्ने खतरा रहेकाले सतर्क अवस्थामा रहन सबैलाई अनुरोध पनि गरेका छन् ।

आँधीका कारण फोर्ट मायर्स सहरसहित ली काउन्टीमा कर्फ्यू घोषणा गरिएको छ । बुधवार बेलुका छ बजेबाट सुरु भएको कर्फ्यु अर्को सूचना प्रकाशित नभएसम्म कायम रहने काउन्टीले जनाएको छ। आम मानिस त्रास र सङ्कटमै रहेका बेला विभिन्न ठाउँमा लुटपाट र हिंसाका घटना पनि भएका छन् । त्यसलाई नियन्त्रण गर्न सक्दो प्रयास गरिएको सुरक्षा अधिकारीहरूले जनाएका छन् ।

# द्वन्द्व र जलवायु परिवर्तनका कारण खाद्य सङ्कट

**सिन्ह्वा**

रोम। विश्व खाद्य संगठनले विश्वमा हालैका दिनमा बढ्दै गएको द्वन्द्व तथा विश्वमा सङ्कटपूर्णरुपमा देखिँदै आएको जलवायु परिवर्तनका कारण विश्वमा खाद्य सङ्कट बढ्दै गएको पाइएको छ।

विश्वमा अहिलेका तुलनामा आगामी दिनमा खाद्यान्नको सङ्कट बढ्दै जाने देखिएको चेतावनी सो संगठनले बुधबार दिएको हो।

विश्वमा अहिले खाद्यान्न सङ्कटको समस्या दिन प्रतिदिन बढ्दै गएको पाइएको छ। त्यसका विभिन्न कारण छन् । तीमध्ये विश्वका विभिन्न देशमा जारी रहेको आन्तरिक द्वन्द्व र जलवायु परिवर्तन पनि कारक रहेको सो संगठनले जनाएको हो।

विश्व खाद्य सङ्गठनका महानिर्देशक क्यु दोङ्युले सो कुरा बताउनुभएको हो । उहाँले यसअघि पनि विश्वका विभिन्न देशमा जारी रहेको आन्तरिक द्वन्द्व खाद्य सङ्कटको कारक रहेकामा अहिले त्यसमा फेरि रुस र युक्रेन थपिएको बताउनुभयो ।

उहाँले रुस र युक्रेनको युद्धले गर्दा विश्वमा खाद्यान्न सङ्कट बढ्दै गएको बताउनुभयो। यी दुई देशका युद्धका कारण विश्वमा अन्य देशमा खाद्यान्न आपूर्ति तथा उत्पादनकै क्षेत्रमा पनि सङ्कट बढेको बताउनुभएको हो ।

# नवौ राष्ट्रिय खेलकुद ट्रफीको अनावरण



**टुडे समाचारदाता**

जनकपुरधाम । मुख्यमन्त्री लालबाबु राउतले नवौ राष्ट्रिय खेलकुद २०७९को ट्रफीलाई जनकपुरधाममा बिहीबार अनावरण गरेका छन् ।

जानकी मन्दिरमा आयोजित ट्रफी अनावरण कार्यक्रममा मुख्यमन्त्री राउतले सो ट्रफीको अनावरण गरेका छन् । कार्यक्रममा मुख्यमन्त्री राउतले राष्ट्रको गहनाको रुपमा रहेका खेलाडीहरुको जीवनयापनको व्यवस्था राज्यको दायित्व रहेको उल्लेख गरे ।

उनले मधेश सरकार स्थापना काल देखिनै खेलाडीहरुको लागि जीवनयापनको ठोस व्यवस्थापन गर्ने लक्ष्य राखे पनि विविध कारणहरुले गर्न नसकेकोमा दुःख व्यक्त गर्दै आगामी दिनमा यसका लागि आफू सदैव सक्रिय रहने प्रतिबद्धता जनाए ।

पछिल्लो समयमा युवाहरुमा भयावह बन्दै गएको दुर्व्यसनको समस्याबाट प्रदेशलाई मुक्त गराउन समेत खेलकुदमाथि जोड दिनु आवश्यक रहेको उल्लेख गर्दै मुख्यमन्त्री राउतले खेलकुदको विकासको लागि आवश्यक पूर्वाधारदेखि खेलाडीहरुको व्यवस्थापनमा समेत प्रदेश सरकार अग्रसर हुने प्रतिवद्धता व्यक्त गरे ।

महिला, बालबालिका युवा तथा खेलकुद मन्त्री वीरेन्द्र सिंहको अध्यक्षतामा भएको उक्त कार्यक्रममा राष्ट्रिय खेलाडी दिपक विष्ट, क्रिकेट संघ धनुषाका अध्यक्ष गुड्डु पाण्डे, सरोज मिश्रसहितकाले धारणा व्यक्त गरेका थिए ।

# डेङ्गुको प्रकोप झन् बढ्यो

**सिन्ह्वा**

इस्लामावाद। पाकिस्तानमा केही हप्तायता देखिएको बाढी र पहिरोले ठूलो जनधनको क्षति पुगेकोमा अहिले फेरी डेङ्गुको प्रकोप थप बढेको छ। यहाँका स्वास्थ्य अधिकारीहरुले जनाएअनुसार पाकिस्तानका बाढी प्रभावित क्षेत्रमा डेङ्गुको प्रकोप बढेको हो। डेङ्गुको प्रकोप बढ्दै गएको र यसबाट मृत्यु हुनेको सङ्ख्या पनि प्रतिदिन बढ्दै गएको यहाँका स्वास्थ्य क्षेत्रका अधिकारीले जनाएका छन् ।

यसअघि बाढीबाट पनि बढी क्षति पुगेको पाकिस्तानको सिन्ध प्रान्तमा डेङ्गुको पनि प्रकोप बढेको हो । सो प्रान्तमा मात्र गएको २४ घन्टायता तीन सय ८७ जना डेङ्गुका बिरामी भेटिएका छन् । यसपछिको प्रभावित क्षेत्र कराँची हो । कराँचीमा मात्र गएको २४ घन्टामा दुई सय ५३ जनामा यसको सङ्क्रमण देखिएको छ ।

सिन्ध र कराँची यस वर्षको मनसुनी वर्षाबाट सबैभन्दा बढी प्रभावित भएका प्रान्त हुन्, ती क्षेत्रमा बाढीका कारण बढेको फोहर र अन्य कारणहरुले गर्दा यहाँ डेङ्गुको ज्वरोको प्रकोप बढेको बताइएको छ। यी दुई प्रान्तमा गरेर गएको सेप्टेम्बर महिना यतादेखि आजसम्ममा नौ हजार जनाभन्दा बढीमा यसको प्रकोप देखिएको हो ।

सिन्ध प्रान्तमा मात्र छ हजार छ सयजनामा यसको प्रकोप देखिएको छ। यी दुवै प्रान्तमा यसको प्रकोप बढ्दै गएको पाइएको अधिकारीले जनाएका छन् । पाकिस्तानमा यस वर्षको मनसुनबाट प्रभावित अर्को प्रान्त खैबर पाख्तुन्क्वा हो र यहाँ पनि डेङ्गुको प्रकोप बढ्दो देखिएको छ।

# दुई ब्यालेस्टिक क्षेप्यास्त्र परीक्षण

**सिन्ह्वा**

सियोल । उत्तर कोरियाले आफ्नो पूर्वी जलक्षेत्रमा छोटो दूरीका दुईवटा ब्यालेस्टिक क्षेप्यास्त्रको परीक्षण प्रहार गरेको दक्षिण कोरियाको ज्वाइन्ट चिफ अफ स्टाफ (जेसीएस) ले बिहीबार बताएको छ।

जेसीएसले एक विज्ञप्ति जारी गर्दै दक्षिण प्योङ्यान प्रान्तको सुनचोन क्षेत्रबाट स्थानीय समयअनुसार राति ८:४८ देखि राति ८:५७ को बीचमा उत्तर कोरियाले प्रक्षेपण गरेको दुई छोटो दूरीका ब्यालेस्टिक क्षेप्यास्त्र पूर्वी जलक्षेत्रमा फेला पारेको जनाएको छ।

उत्तर कोरियाले बुधबार आफ्नो पूर्वी जलक्षेत्रमा दुई छोटो दूरीको ब्यालेस्टिक क्षेप्यास्त्र र आइतबार पूर्वी जलक्षेत्रमा एउटा छोटो दूरीको ब्यालेस्टिक क्षेप्यास्त्र प्रहार गरेको थियो । सन् २०२२ मा मात्र उत्तर कोरियाले १९ पटक ब्यालेस्टिक क्षेप्यास्त्र र दुई पटक क्रुज क्षेप्यास्त्रको परीक्षण गरेको छ।

# नगरस्तरीय मेयर कप क्रिकेट प्रतियोगिता

**टुडे समाचारदाता**

रौतहट। वृन्दावन नगरपालिका वडा नं ३ ईडेन ग्राडेन विश्रामपुरमा नगरस्तरीय मेयर कप नकआउट टि-ट्वान्टी क्रिकेट प्रतियोगिता बिहीवारदेखि सुरु भएको छ।



वृन्दावन नगरपालिकाको आर्थिक सहयोग तथा राजदेवी युवा क्लव हर्षाहाको आयोजनामा सञ्चालन भएको प्रतियोगिताको नगर प्रमुख विनोद प्रसाद पटेलले बिहीवार उद्घाटन गरेका छन्।

आयोजित एक कार्यक्रमकाबीच मेयर पटेलले खेलाडीहरुसँग क्रिकेट खेलेर प्रतियोगिताको उद्घाटन गरेसँगै प्रतियोगिता सुरु भएको थियो ।

एक महिना अर्थात कार्तिक १२ गतेसम्म चल्ने प्रतियोगिताका विजेतालाई नगद रु ५० हजार र उपविजेता टोलीलाई नगद रु ३० हजार रुपैयाका साथै मेडल, ट्रफी र प्रमाणपत्र प्रदान गरिने प्रतियोगिताका संयोजक राजदेवी युवा क्लवका अध्यक्ष आशिसराज पटेलले जानकारी दिए।

प्रतियोगितामा नगरका वडा नं १ देखि ९ वटै वडाका टोलीहरुबीच प्रतिस्पर्धा हुने जनाइएको छ । उद्घाटनका अवसरमा नगर प्रमुख पटेलले नगरभित्र खेलकुदको विकास गर्ने तथा युवालाई कुलतबाट बचाउन एवं शारीरिक सुगठन बढाउनका लागि सचेत बनाउने उद्देश्यका साथ मेयर कपको आयोजना गरिएको बताए।

नगरले सुरु गरेको मेयर कपले युवाहरुलाई सिर्जनशील बन्न सहयोग पुर्‍याउने बताउँदै मेयर पटेलले आगामी दिनमासमेत मेयर कपलाई निरन्तरता दिदै जाने प्रतिबद्धता जनाए।

युवाहरुलाई क्रिकेट खेलतर्फ आकर्षित गरी राष्ट्रिय एवं अन्तर्राष्ट्रिय खेलाडी उत्पादन गर्ने उद्देश्यले प्रतियोगिताको आयोजना गरिएको आयोजकले जनाएको छ।

# तीन रुसी अन्तरिक्ष यात्री स्टेशनबाट फर्किए

**एएफपी**

मस्को। छ महिना लामो अन्तरिक्ष यात्रापछि तीन रूसी अन्तरिक्ष यात्री बिहीबार कजाखस्तानमा अवतरण गरेका छन्।

रूसको अन्तरिक्ष एजेन्सी रोस्कोस्मोसले अन्तर्राष्ट्रिय अन्तरिक्ष स्टेसन (आईएसएस) का अनुसार ओलेग आर्टेमयेभ, डेनिस मात्वेयेभ र सर्गेई कोर्साकोभ निर्धारित समय (ग्रीनवीच समय अनुसार १० बजेर ५७ मिनेट) मा जेज्काज्गान शहरबाट १४८ किलोमिटर (९१ माइल) दक्षिणपूर्वमा अवतरण गरेका थिए।



रोस्कोस्मोसले प्रसारण गरेको फुटेजमा अन्तरिक्ष यात्रीहरूलाई सोयुज वंश मोड्युलबाट मद्दत गरिएको देखाइएको छ । उनीहरूलाई पृथ्बीमा फेरि गुरुत्वाकर्षणको प्रभावसँग अभ्यस्त बनाउन उक्त मद्दत गरिएको हो ।

रोस्कोस्मोसले भन्नुभयो, "स्टेशनमा आफ्नो १९५ दिनको दौडान, चालक दलले धेरै प्रयोगहरू र पाँच अन्तरिक्ष पैदल यात्राहरू पूरा गरेका छन् ।

मस्कोले युक्रेनमा 'सैन्य अभियान' सुरु गरेको केही हप्तापछि मार्चको मध्यमा तीन जना चालक दलका सदस्यहरू आफ्नो मिसन सुरु गर्न आईएसएसमा पुगेका थिए ।

गत जुलाईमा रोस्कोस्मोसले पूर्वी युक्रेनमा मस्कोको सेनाको समर्थनमा आवाज उठाउन क्रेमलिन समर्थित लुगान्स्क र डोनेट्स्क क्षेत्रको झण्डा बोकेका तीनै जनाको तस्बिर पोस्ट गरेका थिए। मस्कोको नियन्त्रणमा रहेको युक्रेनको लुगान्स्क र डोनेट्स्कसहितका चार वटा क्षेत्रले राष्ट्रपति भ्लादिमिर पुटिनलाई औपचारिक रूपमा ती भूभागहरू रुसमा गाभ्न आग्रह गरिरहेका बेला उनीहरू पृथ्वीमा फर्केका हुन् ।

युक्रेनमा रूसको सैन्य अभियानको प्रतिक्रियास्वरूप पश्चिमी राजधानीहरूले मस्कोमाथि अभूतपूर्व प्रतिबन्धहरू लगाएका छन्, जसमा एयरोस्पेस उद्योग पनि समावेश छ । यद्यपि, बढ्दो तनावको बावजुद, अन्तरिक्ष मस्को र वासिङ्टनबीचको सहयोगको अन्तिम बाँकी क्षेत्रहरूमध्ये एक हो।

गत साता नासाका फ्रयाङ्क रूबियो र रूसका सर्गेई प्रोकोपेभ र दिमित्री पेटेलिनले कजाखस्तानको बैकोनुर कोस्मोड्रोमबाट रोस्कोस्मोसबाट सञ्चालित अन्तरिक्षयानबाट अन्तरिक्ष यानमार्फत अन्तरिक्ष केन्द्रमा प्रक्षेपण गरेका थिए। यसैबीच रूसकी एक मात्र सक्रिय महिला अन्तरिक्ष यात्री अन्ना किकिना अक्टोबरको सुरुमा स्पेसएक्स क्रु ड्रागनमा चढेर कक्षीय स्टेसनमा जाने अपेक्षा गरिएको छ ।

अमेरिका, क्यानडा, जापान, युरोपेली अन्तरिक्ष निकाय र रूसबीचको सहकार्य रहेको आईएसएसलाई अमेरिकी कक्षीय खण्ड र रुसी कक्षीय खण्ड गरी दुई भागमा विभाजन गरिएको छ । रूसले सन् २०२४ पछि आईएसएस बाट बाहिरिने आफ्नो इच्छा व्यक्त गरेको छ।

# पोखरालाई खेलकुदमय बनाउन महानगरले सघाउने

कास्की । नवौं राष्ट्रिय खेलकुद प्रतियोगिताको मुख्य आयोजनास्थल रहेको सहर पोखरा महानगरपालिकाले प्रतियोगिता भव्य बनाउन आफ्नो तयारी सुरु गरेको छ।

महानगरले प्रचारप्रसारका माध्यमबाट पोखरालाई खेलकुदमय बनाउन सहरका मुख्यस्थल र महानगरका प्रवेशनाकामा स्वागतद्वार र प्रचार सामग्री राख्ने भएको छ। राष्ट्रिय खेलकुद प्रतियोगितालाई सफल बनाउन महानगरले आफ्नोतर्फबाट काम अघि बढाएको हो । महानगर प्रमुख धनराज आचार्यले पोखरा खेलकुदमय भएको छ भन्ने हिसावले प्रतियोगिताको प्रचारप्रसारका विषयमा सरोकारवाला निकायसँग बसेर दसैँलगत्तै यसलाई सुरु गरिने बताउनुभयो ।

उहाँले भन्नुभयो, "पोखरा खेलकुदमय छ भन्ने महसुस गराउन हामीले विज्ञापनका लागि विद्युतिय डिस्प्ले बोर्ड, रोड ब्यानर, स्वागत गेटलगायतबाट प्रचारप्रसार गर्नेछौं ।" महानगरपालिकाले पोखरा आउने खेलाडी, प्रशिक्षक तथा पदाधिकारीलाई यातायात, होटल, सपिङ मललगायतमा छुट तथा सहुलियतका लागिसमेत सम्बन्धित पक्षसँग आह्वान गरिने जनाएको छ।

"राष्ट्रिय खेलकुद देशकै गौरव हो यसलाई सफल बनाउन सबैले आआफ्नो ठाउँबाट योगदान गर्नुहोस् भनेर होटल व्यवसायी, यातायात व्यवसायी तथा निजी क्षेत्रलाई आह्वान गर्दैछौं ।" आचार्यले भन्नुभयो । महानगरले खेलस्थलसम्म जाने सडक, खेलस्थलको सरसफाइ, विद्युत्, खानेपानी, शौचालयको उचित प्रबन्ध तथा खेलस्थलको सजावटमा पनि सहयोग गर्ने जनाएको छ।

गण्डकी प्रदेश खेलकुद परिषद्का सदस्य सचिव तेजबहादुर गुरुङले ३९ वर्षपछि गण्डकी प्रदेशमा आयोजना हुन लागेको प्रतियोगिता भव्य बनाउनुपर्ने सबैको दायित्व रहेको बताउनुभयो। सरकारी तथा निजी क्षेत्र सबै मिलेर मात्र राष्ट्रको गौरवसँग जोडिएको खेल प्रतियोगिता सफल हुने उल्लेख गर्नुभयो।

प्रतियोगितालाई मध्यनजर गरी खेलस्थलसम्म पहुँचका लागि सडक मर्मत तथा स्तरोन्नति महानगरपालिकाका विभिन्न नाकामा स्वागत तथा सहरका विभिन्न यात्रु प्रतीक्षालयलगायत स्थानमा खेलकुदसँग सम्बन्धित सामग्री डिस्प्ले बोर्ड राख्ने व्यवस्था महानगरले गर्ने प्रतिबद्धता जनाएको गुरुङले जानकारी दिनुभयो ।

प्रतियोगितास्थलमा मिडिया सेन्टरमा विद्युत् तथा गुणस्तरीय इन्टरनेटको व्यवस्था गर्नेलगायतका विषयमा सहजीकरण गरिदिन उहाँले महानगरसँग आग्रह गर्नुभयो । प्रतियोगिताका लागि कास्कीसहित स्याङ्जा, पर्वत, गोरखा, नवलपुर, म्याग्दी र बागलुङमा खेलस्थल तोकिएको छ।

राष्ट्रिय खेलकुदमा फुटबल, क्रिकेट, टेनिस, एथलेक्टिस, भारत्तोलन, सुटिङ, ब्याडमिन्टन, टेबल टेनिस, बक्सिङ, भलिबल, बुद्धिचाल, खोःखो, कराँते, जिम्न्याष्टिक, पौडी र कबड्डी खेल समावेश गरिएका छन् ।

त्यस्तै ह्याण्डबल, जुडो, कुस्ती, कराते, सफ्टटेनिस, स्क्वास, तेक्वान्दो, उसु, बास्केटबल, शारीरिक सुगठन, आइटिएफ तेक्वान्दो, सेपाताक्रो, गल्फ, आर्चरी, साइक्लिङ, फेन्सिङ, ट्रायथलन र प्याराग्लाइडिङ पनि प्रतियोगितामा समेटिएका खेल हुन् । प्रतियोगिता यही असोज २८ देखि कात्तिक ३ गतेसम्म सञ्चालन हुँदैछ। रासस

# साउदी अरेबियाका विश्वविद्यालयमा योग कक्षा सञ्चालन

**एएनआई**

रियाद । योगका बारेका चेतना फैलाउन र यसको अभ्यासलाई जीवनशैलीको रूपमा उत्प्रेरित गर्ने उद्देश्यले देशभरका सबै विश्वविद्यालयमा भर्चुअल योग परिचयात्मक कक्षा आयोजना गरिएको छ।



साउदी विश्वविद्यालयमा परम्परागत योग र योगासन दुवै विषयको परिचय गराउने र विश्वविद्यालय क्याम्पसमा विद्यार्थीलाई योग अभ्यास गर्न विभिन्न विकल्प प्रदान गर्ने उद्देश्यले योग कक्षा सञ्चालन गरिएको हो।

योग व्याख्यान कक्षामा मानसिक, शारीरिक स्वास्थ्य दुवैलाई समेटिएको थियो, व्यावसायिक योगासन खेलकुद तालिममा सहभागी हुन स्थानीय र अन्तरराष्ट्रिय प्रतियोगिताको रूपमा विकास गर्ने उद्देश्य रहेको थियो। साउदी युनिभर्सिटी स्पोर्ट्स फेडेरेसनसँगको सहकार्यमा साउदी योग समितिले रियादमा कार्यक्रम आयोजना गरेको हो।

युवालाई व्यावसायिक योग प्रशिक्षणमा सामेल हुन उत्प्रेरित गरराउँने उद्देश्यले विश्वविद्यालय भित्र व्यावसायिक योगासन प्रतियोगिताको विस्तार गर्ने योजना राखिएको छ।

साउदी योग समितिका अध्यक्ष नौफ अलमारवाईले समितिले साउदी समाजमा व्यापक मात्रामा योगशिक्षा फैलाउने उद्देश्य राखिएको छ। योगप्रेमीको पुस्ता निर्माण गर्न साउदी विश्वविद्यालयले खेलकुद महासंघसँग सहकार्य गर्न पहल गरेको बताइएको छ।

अलमारवाईले समितिले अभ्यासकर्ताको संख्या बढाउन एवं स्थानीय र क्षेत्रीय योग प्रतियोगितामा भाग लिने योग टोली निर्माण गर्न खोजिएको बताएका छन्।

# ६.८ म्याग्निच्युडको भूकम्प

**सिन्ह्वा**

बेइजिङ। बिहीबार बिहान ०३०३ जिएमटीमा दक्षिण स्यान्डविच टापु क्षेत्रको पूर्वमा ६.८ म्याग्निच्युडको भूकम्प गएको अमेरिकी भूगर्भ सर्वेक्षणले जनाएको छ।

केन्द्रविन्दु १०.० किलोमिटर गहिराइमा रहेको भूकम्पको केन्द्रबिन्दु शुरुमा ६०.८०३५ डिग्री दक्षिण अक्षांश र २०.०१६९ डिग्री पश्चिम देशान्तरमा रहेको थियो।

# चौध हजारले जोडे फाइबर इन्टरनेट



भरतपुर । चितवनमा १४ हजार ग्राहकले नेपाल टेलिकमको तीव्र गतिको फाइबर इन्टरनेट जडान गरेका छन् ।

दूरसञ्चार कार्यालय भरतपुरका अनुसार जिल्लाका पाँच पालिकामा पुरानो टेलिफोनको प्रविधिलाई फाइबर इन्टरनेटमा परिणत गरिएको हो । माडी नगरपालिका र इच्छाकामना गाउँपालिका बाहेकका पालिकामा फाइबर इन्टरनेट जडान गरिएको छ ।

भरतपुर महानगरपालिकामा मात्रै नौ हजार ग्राहकले फाइबर इन्टरनेट जडान गरेका छन् । भरतपुर महानगरको मुख्य बजार क्षेत्रमध्ये क्षेत्रपुर र गौरीगञ्जमा फाइबर जडान बाँकी छ । यस्तै भरतपुर एक्सचेन्जअन्तर्गत पश्चिम चितवनका केही ठाउँ पनि बाँकी छन् ।

भरतपुरमा अब एक हजार ९७ मात्र पुराना ग्राहक रहेको दूरसञ्चार कार्यालय भरतपुरका प्रमुख नवीनकुमार मिश्रले जानकारी दिनुभयो । उहाँले २०४५ सालमा निर्माण गरिएको भरतपुर एक्सचेन्जअन्तर्गतको पुरानो प्रविधिको टेलिफोन नेटवर्क विस्थापनको अन्तिम चरणमा रहेको बताउनुभयो ।

सामग्री अभावका कारण अहिले काम गर्न नसकिएको मिश्रले बताउनुभयो । "सामान पर्खेर बसेका छौँ, चीनबाट आउने तयारीमा रहेको बुझिएको छ," उहाँले भन्नुभयो । माग गरेअनुसार आएर मङ्सिरसम्म भरतपुर एक्सचेन्जअन्तर्गतका सबै ठाँउमा फाइबर इन्टरनेट पुऱ्याउने उहाँको भनाइ छ। अहिले राप्ती नगरपालिकाको भण्डारमा फाइबर जडानको काम भइरहेको छ ।

रत्ननगर, खैरहनी र कालिका नगरपालिकामा पनि फाइबर इन्टरनेट पुगेको छ। पूरानो प्रविधि विस्थापित गरी नयाँ प्रविधि जडानलाई प्राथमिकतामा राखेर कार्यालयले काम गरिरहेको मिश्रले बताउनुभयो । "जिल्लामा फाइबर इन्टरनेटको माग बढेको छ। निजी कम्पनीको भन्दा सस्तो र राम्रो छ । यस कारण ग्राहक आकर्षित छन्", उहाँले भन्नुभयो। इन्टरनेटसँगै टेलिफोन र टेलिभिजनको सुविधा पनि प्रदान गरेको उहाँले बताउनुभयो । इन्टर नेटको स्पिडअनुसारको शुल्क फरकफरक निर्धारण गरिएको प्रमुख मिश्रले जानकारी दिनुभयो।

कनेक्ट सर्भर काठामाडौँ र हेटौँडामा राखिएकाले पनि नेपाल टेलिकमको फाइबर इन्टरनेट सेवामार्फत गुगल, युट्युब र फेसबुक छिटो चल्ने उहाँको भनाइ छ । भरतपुर शाखामार्फत ३१ हजार फाइबर इन्टरनेट वितरण गर्ने क्षमता रहेको मिश्रले जानकारी दिनुभयो ।रासस

# बाख्रापालनबाट मनग्य आम्दानी गर्दै पौडेल

वालिङ । स्याङ्जाको वालिङ-१४ उपल्लो पेखुका मेघनाथ पौडेलले बाख्रापालनबाट मनग्य आम्दानी गर्दै आउनुभएको छ।

विसं २०५९ मा पौडेलले एउटा माउ बाख्रा पालेर सुरु गर्नुभए पनि तीन वर्षपछि २०६२ सालदेखि व्यावसायिकरुपमा बाख्रापालन थाल्नुभएको हो । विसं २०६२ मा 'मेघनाथ बाख्रा प्रजनन तथा नश्ल सुधार उद्योग' संस्था दर्ता गरी बाख्राको मासुभन्दा पनि बीउका लागि काम गर्दै आउनुभएको हो। पौडेलले अहिले शुद्ध बोयर जातको बाख्राको बोका र पाठी बिक्री गरी मनग्य आम्दानी गर्दै आउनुभएको छ।

"मैले मासुलाई भन्दा बीउका लागि बोयर जातको शुद्ध बोका र पाठी बिक्री गर्दै आएको छु", उहाँले भन्नुभयो। बाख्रापालनबाट वार्षिकरुपमा सबै खर्च कटाएर रु १२ लाख आम्दानी हुँदै आएको पौडेल बताउनुहुन्छ । यहाँ उत्पादन भएको शुद्ध बोयर जातको बोका तथा पाठीको माग देशका विभिन्न जिल्लाबाट आउने गरेको छ।

"यहाँ उत्पादन भएका बोयर जातको बोका तथा पाठीलाई बीउका रुपमा देशका विभिन्न जिल्लाबाट माग हुने गरेको छ", उहाँले भन्नुभयो, "उत्पादन गर्नसके बजारको कुनै समस्या छैन, मागअनुसार उत्पादन गर्न सकिएको छैन ।" बाख्रापालनका लागि आवश्यक घाँस उहाँले ६५-७० रोपनी क्षेत्रफलमा लगाउनुभएको छ । उन्नत र आधुनिक भुईं तथा डाले घाँस प्रशस्तै छ।

जिल्ला पशुसेवा कार्यालयबाट पटक/पटक अनुदानसहित नमूना फर्मका रुपमा समेत उहाँ पुरस्कृत भइसक्नुभएको छ। "बाख्रापालन गर्नुपूर्व पाँच वर्ष शिक्षण पेसा र २० महिना विदेशमा रोजगारी गरेँ", पौडेलले भन्नुभयो, "म ती दुवै कामबाट सन्तुष्ट भइन् र गाईं, भैँसी, कुखुरा पाल्ने सोच बनाएँ तर गाउँको भूगोलअनुसार सम्भव नदेखेपछि बाख्रापालनलाई व्यावसायिकरुपमा अगाडि बढाएको हुँ।"

बाख्रापालन नै पौडेलको परिवारको मुख्य आम्दानीको स्रोत हो । बाख्रापालनबाट प्राप्त भएको आम्दानीले उहाँले बजारमा घरजग्गा जोड्नुभएको छ। छोराहरूलाई उच्च शिक्षा तथा घर खर्च पनि यही व्यवसायबाट चलाउँदै आउनुभएको छ।

लामो समय बाख्रापालनमै बितेकाले पनि सामान्य समस्या आउँदा पौडेल आफैं औषधि उपचार गर्नुहुन्छ । जटिल उपचारका लागि वालिङ नगरपालिका तथा एग्रोभेटबाट पशु प्राविधिकको सहयोग लिने गरेको उहाँ बताउनुहुन्छ ।रासस

# बैंकको चर्को ब्याजले व्यवसाय धान्न मुस्किल




पोखरा । वित्तीय चर्को ब्याजले व्यवसाय धान्न नसक्ने जनाउँदै एक अङ्कमा झारेर ऋण प्रवाह गर्न पर्यटन व्यवसायीले माग गरेका छन् । महिला पर्यटन व्यवसायी मञ्च (ओटेफ)ले आयोजना गरेको विजयादशमी तथा दीपावलीको शुभकामना आदान-प्रदान कार्यक्रममा पोखरा पर्यटन परिषद्का अध्यक्ष पोमनारायण श्रेष्ठले भूकम्प र कोरानाको मारले व्यवसायमा सङ्कट आएको पर्यटन व्यवसाय लयमा फर्किन अझै समय लाग्ने जनाउँदै एक अङ्कको ब्याजमा ऋण उपलब्ध गराएर सहजता प्रदान गर्न माग गर्नुभयो ।

उहाँले पछिल्लो समय वित्तीय संस्थाले ब्याज बढाउँदा व्यवसायीमा थप आर्थिक सङ्कट निम्त्याएर व्यवसायबाट पलायन हुने स्थितिमा पुऱ्याउन लागेको बताउनुभयो ।

ठूलो लगानी रहेको पर्यटन क्षेत्रलाई पलायन हुनबाट जोगाउन सरकारले लगानीमैत्री वातावरण सिर्जना गरेर व्यवसायीलाई सहुलियतरूपमा ऋण प्रवाह गर्ने नीति ल्याउन उहाँले आग्रह गर्दै आर्थिक समृद्धिको प्रमुख आधार पर्यटन क्षेत्र भएकाले पर्यटन मैत्रीनीति अवलम्बन गर्न सरकारले निकै ढिला गरेको गुनासो गर्नुभयो।

पोखरा उद्योग वाणिज्य सङ्घका अध्यक्ष पवन प्रजापतिले पछिल्लो समय व्यवसायमा महिलाको सहभागिता निकै बढ्दै गएको र यसले आर्थिक रुपान्तरणमा समेत महत्वपूर्ण भूमिका खेलेको धारणा राख्नुभयो । उहाँले महिलाको आर्थिक सशक्तीकरणका लागि सङ्घले पर्यटन व्यवसायी महिलासँग सहकार्य गरेर अघि बढ्ने जानकारी दिनुभयो ।

कार्यक्रममा ओटेफका संस्थापक अध्यक्ष जमुना पराजुलीले पर्यटन क्षेत्रमा देखिएका समस्यालाई समाधान गर्न सबैको साझा सोच र धारणाको आवश्यता औँल्याउनुभयो। पर्यटन क्षेत्रमा महिलाको उपस्थिति र सहभागिता बढ्दै गए पनि निर्णायक तहमा अझै पुग्न नसकेको उहाँको भनाइ थियो।

संस्थाका अध्यक्ष पार्वती पाण्डेले महिला पर्यटन व्यवसायी कार्यक्रममको शोभा बढाइदिने जमातको रूपमा मात्र नलिएर उनीहरूको योगदानको मूल्याङ्कन गरेर फोरम उपलब्ध गराउनुपर्ने धारणा राख्नुभयो । उहाँले महिलाको संस्था भन्दै पुरुषवादी सोचले हेर्दा अझै पनि कतिपय अवसरबाट बञ्चित हुनुपरेको यथार्थतालाई प्रस्तुत गर्नुभयो।

कार्यक्रममा होटल सङ्घ पोखरा नेपालका अध्यक्ष लक्ष्मण सुवेदी, नेपाल एशोसिएसन अफ टुर एण्ड ट्राभल एजेन्टस (नाट्टा) गण्डकीका अध्यक्ष हरिराम अधिकारी सल्लाहकार दुर्गा ढकाल, पत्रकार महासङ्घ कास्कीका उपाध्यक्ष जमुना वर्षा शर्मा, ओटेफका कोषाध्यक्ष लक्ष्मी लामिछाने, कार्यक्रम संयोजक माया सुवेदीलगायतले बोल्नुभएको थियो । कार्यक्रममा संस्थाका सदस्य र पर्यटन सम्बद्ध सङ्घसंस्थका अध्यक्ष एवं प्रतिनिधिको उपस्थिति थियो ।रासस

# एरोमा डर्ट मोटरसाइकलको बुकिङ्ग खुल्ला

**टुडे समाचारदाता**

काठमाण्डु । विगत ५ बर्ष देखि विभिन्न सवारीसाधन आयात गरी त्यसको बिक्री तथा बिक्रीपछिको सेवा दिँदै आइरहेको आरोग्य मोटर्सले बिहीबार २ सय सिसि क्षमताको डर्ट मोटरसाइकल बजारमा उतार्न सफल भएको छ।




त्यस्तै नेपालको भौगोलिक अवस्था हेर्दा अधिकांस भूभाग उकालो ओरालो र अप्ठेरो हुनुको साथ साथै सडकको विकासको दृष्टीले हेर्दा पनि पर्याप्त विकास नभएको अवस्थामा डर्ट मोटरसाइकल अति उपयुक्त छ।

चीनमा उत्पादन गरेर नेपाली ब्राण्ड (एरोमा) को नाममा सवारीसाधन आयात गर्दै आइरहेकोमा हामिले यो डर्ट मोटरसाइकल पनि एरोमा नै ब्राण्ड नेम राखेर आयात तथा बिक्री वितरणको व्यवस्था मिलाइएका छन् । नेपालका अधिकांस सडकहरु कच्ची, अर्धकच्ची तथा ग्राभेल र खाल्डाखुल्डी हुनाले मोटरसाइकलको ग्राउण्ड क्लियरेन्स अधिक हुनुपर्ने वाध्यताले गर्दा यस मोटरसाइकलको ग्राउण्ड क्लियरेन्स २ सय ८० एमएम राखिएको छ । त्यसैगरी त्यस्ता सडकहरुमा उकालो ओरालो बढी हुनाले यो मोटरसाइकल २ सय सिसि क्षमताको रहेको छ। जसका कारण भैपरी आउने समस्याको चिन्ता नहुने किसिमको मोटरसाइकललाई बजारमा उतार्न गइरहेका छन् ।

एअर कुल्डसहित सिंगल सिलिण्डरको इन्जिन रहेको ८६०० आरपिएममा १४.८ एचपि पावर सिर्जना गर्छ भने ६५०० आरपिएममा १४.९ एनएम टर्क सिर्जना गर्दछ । नेट तौल ११५ किलोग्राम रहेको एक लिटर पेटोलमा ४० किलोमिटर भन्दा बढीको माइलेज प्रदान गर्दछ। पहिलो चरणमा एरोमा डर्ट बाईकको १ मोडेल र २ रङ्गहरुमा बजारमा उपलब्ध गर्नेछन् ।

हाइडोलिक सस्पेन्सनसहितको आरामदायक यो बाइकमा १७ इन्चको स्पोक व्हिल दिइएको छ । १२ लिटरको फ्युल ट्यांक भएकाले लामो यात्राका लागि अति उपयुक्त मान्न सकिन्छ। अहिले परिचयात्मक मूल्यको रुपमा रु. ४,८६,००० (चार लाख छयासी हजार) मात्र मा बिक्री खुला गरिएको छ। दशैं, तिहार तथा छठ पर्वको उपलक्ष्यमा एरोमा डर्ट खरिद गर्ने हरेक ग्राहकलाई मुस्ताङ्ग यात्राको फेस्टिवल स्किम समेत राखिएको छ।

हाल जोडिएको डिलर नेटवर्क र हाम्रा शाखा कार्यालय तथा थप जोडिने डिलरहरुबाट बिक्रिका लागि व्यवस्था मिलाइएको छ।

हालसम्म काठमाण्डु, भक्तपुर, पोखरा, दाङ्ग, नेपालगञ्ज, गुलरीया, धनगढी, टीकापुर, अत्तरीया र महेन्द्रनगमा डिलर तथा शाखा कार्यालयहरु रहेका छन् भने अन्य शहरमा नयाँ डिलर नियुक्तिको प्रकृया अघि बढाइएको छ।

भविष्यमा काठमाण्डु उपत्यका लगायत नेपालका सातैवटा प्रदेशमा हाम्रा डिलरहरु विस्तारको तयारी भइरहेको छ। देशका प्रमुख शहरहरुमा डिलर लिन इच्छुक व्यवसायीहरुलाई समेत विज्ञप्ति मार्फत आव्हान गरेका छन् ।

# दुग्ध विकास संस्थानद्वारा चाडपर्वका अवसरमा उपभोक्तालाई छुट

काठमाण्डु। दुग्ध विकास संस्थान लैनचौरले चाडपर्वका अवसरमा उपभोक्तालाई दुग्धजन्य पदार्थमा छुट दिएको छ।

संस्थानले चाडपर्वको समयमा उपभोक्तालाई सहुलियत प्रदान गर्ने नीतिअनुसार देशभर संस्थानका बिक्रीकक्ष रहेका स्थानमा दुग्ध पदार्थ किन्दा विशेष छुटको व्यवस्था गरेको हो।

संस्थानका सूचना अधिकारी एवं प्रवक्ता राजेन्द्रप्रसाद अधिकारीले दसैँ, तिहार तथा छठपर्वको अवसरमा डिडिसी घ्यूमा रु ५०, पनिरमा रु २०, चिज (सबै)मा रु २० र दहीमा रु १० सहुलियत प्रदान गरिएको राससलाई जानकारी दिनुभयो।

"उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयमा विस २०७९ भदौ १६ गते बसेको दसैँ, तिहार र छठलगायतका नेपालीका ठूला चाडपर्वलाई लक्षित गरी सामानमा छुटको व्यवस्था गर्ने निर्णयअनुसार संस्थानले उक्त सामानमा छुटको व्यवस्था गरेको हो", अधिकारीले भन्नुभयो।

उपभोक्ताले असोज १ देखि कात्तिक १५ गतेसम्म उक्त सामान खरिद गर्दा छुट पाउनेछन् । प्रवक्ता अधिकारीका अनुसार हाल देशभर दैनिक एक लाख लिटर दूध तथा दही बिक्रीवितरण हुँदै आएको छ। उपभोक्ताको माग भने दैनिक एक लाख ३० हजार लिटर रहेको उहाँको भनाइ छ।

# मन्त्री थापाको निजी लगानीमा खानेपानी सुविधा

गण्डकी । पोखरा महानगरपालिका-१६ हर्पाकस्थित कुरेचौरका बासिन्दालाई खानेपानीको सुविधा पुगेको छ । नाडले छहरो खानेपानी योजनाअन्तर्गतको जीर्ण पानी सङ्कलन ट्याङ्की मर्मत गरेसँगै स्थानीयलाई खानेपानीको सुविधा पुगेको हो।

गण्डकी प्रदेशका कानून, संचार तथा प्रदेशसभा मामिलामन्त्री विन्दुकुमार थापाले आफूले राज्यबाट प्राप्त गरेको सेवा सुविधामार्फत रु ३७ हजार पाँच सयको आर्थिक सहयोगबाट पानीट्र्याङ्की मर्मत गरेसँगै ३२ घरपरिवारलाई खानेपानीको सुविधा पुगेको स्थानीय उपभोक्ता रमेशराज आचार्यले जानकारी दिनुभयो।

सेवा सुविधामार्फत विसं २०७८ चैतदेखि हालसम्म प्राप्त सेवा सुविधाको रकमबाट प्रदेशमा हुने नवौं राष्ट्रिय खेलकुद अन्तर्गतको प्याराग्लाइडिङको बन्द प्रशिक्षणका खेलाडीका लागि रु २५ हजार, पोखरा-१७ विरौटामा खानेपानी पाइप खरिद तथा विस्तारलगायत विभिन्न ३६ योजनामा रु ११ लाख ३६ हजार सात सय विनियोजन गरिएको मन्त्री थापाले बिहीबार प्रेस युनियन कास्कीद्वारा पोखरामा आयोजित पत्रकार सम्मेलनमा जानकारी दिनुभयो।

पत्रकार सम्मेलनमा मन्त्री थापाले विसं २०७४ देखि हालसम्म राज्यका तर्फबाट आफ्नो नाममा बैंकमा जम्मा भएको रु ४० लाख ७१ हजार दुई सय ४९ आवश्यकतानुसार विकास निर्माण एवं सामाजिक कार्यमा विनियोजन गरेको उल्लेख छ।

सरकारी निवासको समेत सुविधा नलिनुभएका मन्त्री थापाले निर्वाचित भएको पाँच वर्षको अवधिमा राज्यबाट प्राप्त बैठक भत्तादेखि मासिक पारिश्रमिक र अन्य सेवा सुविधा रु ४० लाख ७१ हजार तथा आफ्नो निजी रकम रु साढे १७ लाखसहित कुल रु ५८ लाख २९ हजार ६६ विभिन्न विकास निर्माणमा सहयोग गरेको बताउनुभयो ।रासस

## Sakhuwanankarkatti Rural Municipality
### Office of the Executive Rural municipal
### Sakhuwanankarkatti,Siraha
Madhesh Province, Nepal

## Invitation for Bids

**Date of publication: September 30, 2022**

Sakhuwanankarkatti Rural Municipality Open Competitive Bidding (Single Stage Single Envelope Tender) from eligible bidders for the following contracts as mentioned below under National Competitive Bidding procedures:

| S. N. | Contract Identification No. | Work Site & Works Description | Est. Amount (Including of VAT & P.S.) NRs. | Time for Completion from Date of Work Order | Bid Security Amount (NRs.) | Bid Validity Period/Bid Security Validity Period | Bid Document Fees, NRs |
|---|---|---|---|---|---|---|---|
| 1 | 01/NCB/ROAD SRM/2079-080 | Construction of Kalyanpur-Itharwa-Lahan Thadi sadak | 17475320.09 | 24 Months | 450000.00 | 90 days/120 days | 3000.00 |
| 2 | 02/NCB/WSP/ SRM/2079-080 | Construction of Overhead Tank at Maheshwari of itharwa wada 5 | 14613267.73 | 2080/03/15 | 385000.00 | 90 days/120 days | 3000.00 |

1. **Information to deposit the cost of bidding document in the Following Specified Bank .**

| Name of Bank | NMB Bank | Contract No.: | Last date of Submission | Date of Opening |
|---|---|---|---|---|
| Name of Office | Sakhuwanankarkatti Rural Municipality, Siraha | All Contracts | November 01, 2022 Time: 12:00 AM | November 01, 2022 Time: 14:00 AM |
| Office Revenue Account No | 1100085117500199 | | | |

2. **Information to deposit the cost the bid security Amount in the bank:**

| | |
|---|---|
| Account Name | Dhaurati Khata |
| Name of Bank | NMB Bank |
| Deposit Account No.: | 1100085117500144 |

3. Bidder Can only bid electronically through e-procurement section of PPMO's website http://www.bolpatra.gov.np/egp .
4. Any conditions so far not covered shall be as per Public Procurement Act 2063 (Amendment-2073), and Public Procurement Regulation 2064 (Tenth Amendment-2076). Any amendments in tender notice shall be published in e-procurement section.
5. Bank Guarantee shall be in the format specified in the bid documents otherwise rejected.
6. Sakhuwanankarkatti Rural Municipality,Siraha reserves the right to reject or accept or cancel any bid partially or in full, without assigning any reason, whatsoever.

**Chief Administrative officer**

# लोकपरम्परा हराउँदै

**टुडे समाचारदाता**


महोत्तरी । दसैं सुरु हुनासाथ नगर/गाउँ बस्तीमा बज्ने ढोल र बस्तीबस्तीमा गरिने झिझिया नृत्य देखिन छाडेपछि राष्ट्रिय महत्वको पर्वमा स्थानीय लोकपरम्परा हराउँदै गएको भान भएको छ।

घटस्थापनाकै दिन सन्ध्याकालमा प्रत्येक बस्तीमा चमार मुखिया काँधमा बडेमाको नगरा भिरेर त्यसलाई बजाउँदै 'दसैंको ढोल' भन्दै घुम्दथे। तिनका पछि दौडने स-साना नानीको ताँती लाग्थ्यो। ढोल बजेको सुन्नासाथ दसैं लागेको भनक दिने यो लोकपरम्परा अब देखिन,सुनिन छाडेको छ। "गाउँघरमा अब न ढोल बज्छ, न झिझिया नै देखिन्छ।" भंगाहा नगरपालिका-३ कटैया बस्तीकी ५० वर्षीया चन्द्रकला यादव भन्छन, "दसैं पर्व लागेजस्तो नै बुझिन्न।" दसैं सुरु भएको चार दिन भइसक्दासम्म बस्तीमा ढोल नबजेको र राति झिझियाको लय सुन्न नपाइएको उनको भनाइ छ।

त्यसैगरी नवरात्र सुरुआत भएकै दिन मिथिला क्षेत्रमा घन्कने झिझिया गीत र त्यसको तालमा जादुमय तरिकाले नाच्ने नृत्याङ्गनाको समूह पनि अब पातलिँदै गएको छ। 'तोहरे लागि झिझिया बनैली हो बरमबाबा...!' को रागले सुनसान रातमा बस्तीका सडक हुँदै ग्रामदेवता (ब्रम्हस्थान)स्थलमा पुगेर बडा दसैंमा मिथिलानीहरूले सुरिलो भाखामा गाउँदै फनफनी आफूलाई घुमाएर नाचेको देखाउने यो प्राचीन तान्त्रिक नृत्य अब देखिन छाडेपछि बुढापाका मैथिल (मिथिलाका बासिन्दा) आफ्नो मौलिकता हराउँदै गएको भन्दै चिन्ता जनाउँछन्।

"अब खै हाम्रो पर्व परम्परा भन्ने के रहला र ? दशहारा (दसैं) मा न ढोल बज्छन्, न झिझियाकै स्वर सुनिन्छ" मिथिलाका विशिष्ट मानिने लोकपरम्परा हराउँदै गएको बताउँदै मटिहानी नगरपालिका-७ का ८५ वर्षीय बिन्देश्वरीप्रसाद मण्डल भन्छन, "हाम्रो जनजीवनसँग जोडिएका लोकपरम्परा भावी सन्तानलाई दन्त्यकथा झैं सुनाउनुपर्ने दिन अब धेरै पर छ झैं लाग्दैन।"

महोत्तरीसहितका मिथिलामा दसैं पर्वको नवरात्र सुरु भएसँगै बस्तीका घर/घरैजसो 'दसैं के ढोल' भन्दै चमार नाइकेले बजाउने ढोल र राति महिलाले सामूहिक रूपमा गीत गाउँदै नाचिने झिझिया देख्न छाडिएपछि मण्डलजस्तै यसभेगका सर्वसाधारणले चिन्ता जनाएका छन्। "बाबु,पुराना परम्परा हराउँदै गए, अब चिन्ता लाग्दैछ, अब के पहिचान रहला।" बुढापाका भन्छन,'दशहारामात्रे नहि भ आन पावैनके परम्परा सेहो टुईट



रहल देखैछी( दसैंमात्र नभएर अन्य अवसरका परम्परा पनि देखिन छाडेकाछन्)' फागु पर्वमा एक महिना पहिलेदेखि हुने फागु गीतको रौनक र वसन्त उत्सव परम्परा पनि देखिन छाडेको छ।

गाउँनगर बस्तीका पाका चमार जातिका अगुवा बुद्धूयाँइले हिँडडुल गर्न छाडेर नयाँ पुस्ताका चमार युवाले पुरानो थिति नअँगालेपछि अब दसैंको ढोल बज्न छाडेको हो। "जहिलेसम्म शरीरले साथ दियो, रमाइलो मानेर ढोल बजाउँथे, अब छोरा/नाति ढोल बजाउन चाँहदैनन्, के गरौं।" भंगाहा-३ थारुटोल बनराका ७० वर्षीय चमार समुदायका अगुवा मञ्जित राम चमारले भने, "दलित समुदायभित्रको चमार जातिका नयाँ पुस्ताका किशोर र युवा रोजगारीका लागि भारत र अन्य अरब राष्ट्र जान थालेपछि पुर्ख्यौली रीतिथिति र पेसा थाम्ने कुरा ओझलिएको चमार जातिका पाका उमेरका अगुवाको समान भनाइ छ।"

त्यसैगरी असुर प्रवृतिविरुद्ध सात्विक प्रवृति र असत्यमाथि सत्यको विजयको प्रतीकका रूपमा मनाइने दसैं पर्वमा झिझिया नृत्य मिथिला क्षेत्रको प्रमुख आकर्षण रहँदै आएको थियो। "दसैं लागेपछि प्रत्येक रात बस्तीका महिला सहभागी हुने झिझिया नृत्य पछिल्ला केही दशकयता सुनिन, देखिन छाडेको छ" महोत्तरी जिल्लाकै रामगोपालपुर नगरपालिकाको टेडर बस्तीका पुराना राजनीतिक कार्यकर्ता गणेशप्रसाद यादव भन्छन, "अब यसबारे नयाँ पुस्ताले चासो राख्नुपर्छ।" पछिल्ला केही वर्षयता गाउँ/नगर बस्तीमा डिस्को बाजासँगै कर्कस स्वरमा बजाउन थालिएको गीत र त्यसको तालमा उफ्रदै नाच्ने जमातप्रति यादवले व्यङ्ग पनि गरे।

दसैं लागेपछि अघि सत्य युगमादेवी दुर्गाबाट पराजित भएका दुष्ट आत्मा टोल बस्तीमा प्रवेश गरेर सर्वसाधारणलाई दुखः दिन सक्ने रुढी विश्वासका आधारमा त्यस्ता आत्मालाई प्रवेश गर्न नदिन मिथिलानीले राति जाग्राम रही ग्राम देवतालाई पुकारा गर्दै गाउने गीत र नृत्यलाई झिझिया भनिन्छ।

असङ्ख्य स-साना प्वाल पारिएको माटोको गाग्रो (घैंटो) भित्र बत्ती बालेर एकजना फनफनी नाच्दै घुम्ने र अरुले गीत गाउँने गरेको यो पुरानो संस्कृति नयाँ पुस्ताका छोरीबुहारीले नअगालेपछि यो लोप हुने स्थितिमा पुगेको अगुवा महिला नै बताउँछन्। "हुन त यो रुढी विश्वासको परम्परा हो" बर्दिबास नगरपालिकाका उपप्रमुख तारादेवी महतोले भन्छिन,"तर मिथिला संस्कृतिको अभिन्न अङ्ग भनिने गरिएकाले यसलाई परिमार्जित गर्दै संरक्षण गर्न जरुरी छ।" तान्त्रिक विधिको यो गीत-नृत्य अब एक समयको कथाजस्तो बनि सकेको उपप्रमुख महतोको थप भनाइ छ। मिथिलामा हराउँदै गएको यो परम्परालाई केही वर्षयता गैर सरकारी सामाजिक सङ्घ संस्थाले यदाकदा देखाउने गरेका भए पनि जनमनबाट भने हराउँदै गएको यहाँका वुद्धिजीवीको भनाइ छ। "यो औपचारिक कार्यक्रममा मञ्चन गरिने होइन, संस्कृतिसँग जोडिएको कुरा हो" मटिहानीस्थित याज्ञबल्क्य लक्ष्मीनारायण विद्यापीठका सहप्राध्यापक ध्रुव राय भन्छन, "गैर सरकारी संस्थाले मञ्चमा मञ्चन गरेर यो थेगिदैन, जनमनले नै थेग्नुपर्छ।" मिथिला संस्कृतिको अभिन्न अङ्ग मानिएको झिझिया गीतको नृत्यलाई जीवन्त राख्न पछिल्लो पुस्ताले चासो बढाउनसँगै पहलकदमी लिनुपर्ने रायसहितका वुद्धिजीवीको सुझाव छ।

अब झिझियाको लयमा नारी शिक्षाको अवस्था, सुरक्षा अवस्थाको चुनौती र वर्तमान परिवेशसँग मेल खाने भाव समेटेर यसलाई परिस्कृत गर्न पर्ने नयाँ पुस्ताका युवा बताउँछन्। पछिल्ला केही वर्षयता झिझिया नृत्यलाई निरन्तरता दिँदै आएकी बर्दिबासकी सावरमती सहनी रहर गरे पनि साथी नथपिएपछि यसपाली झिझियालाई निरन्तरता दिन नसकेको बताउँछन।

"नयाँ पुस्ताका युवा छोरीचेली वास्ता देखाउँदैनन्" उनले भने, "अब त झिझिया भन्ने कुरा कुनै जमानाको कथाजस्तो गरी सुनाउने स्थिति भइसक्यो।" यद्यपि सो बस्तीकै रश्मी, निभा र बिमलासहितका नयाँ पुस्ताका युवा मिथिलानी भने यो पुरानो मिथिला संस्कृति जोगाउन अब आफूहरू लागि पर्नेमा जोड दिन्छन।

'चलचल गे डैनिया कदम तर तोरा बेटाके खैबौं बढम तर' दुष्टआत्माकी भनिएकी कथित बोक्सीलाई सतोसराप गर्दै गाइने गीत र यसको तालमा नाचिने झिझिया नृत्यलाई यसैको ताल र लयमा नयाँ परिवेशसँग मिलाएर अघि बढ्नुपर्ने अहिलेका सचेत अगुवा महिला बताउँछन्। "अब डायनी, बोक्सी भनेर गाली गरिने गीतको भावमा अधिकार प्राप्तिका लागि सचेतता बढाउँने, रुढी परम्पराको ठाउँमा समानता र न्यायका पक्षका लडाँइका भाव मिलाउनु पर्छ" भंगाहा-४ थारुटोल बनराकी अगुवा महिला नेतृ रामसुनरदेवी थारु भन्छन, "झिझियालाई यसरी परिस्कृत गर्दै अघि बढे यसलाई मुलुकको समानता र न्यायको आन्दोलनकै अंग बनाउन सकिनेछ।"

झिझिया गीतमा देवी दुर्गाको प्रार्थना, बोक्सी भनिने दुष्टआत्मालाई गाली र सन्तानको कल्याण र दीर्घायुको कामनाको भाव हुन्छ। गीतको तालमा असङ्ख्य प्वालपवलै भएको घैंटो टाउकोमा राखेर नाच्ने महिलाको नृत्यताल मनमोहक हुनेगर्छ। भित्र बत्ती बालिएको सो घैंटोमा पारिएका प्वाल दुष्टआत्माले गन्यो भने नाच्नेको मृत्यु हुने भनाइ रहेकाले नाच्ने महिला फनफनी नाचेर प्वाल गन्न नसकिने अवस्था बनाउँछन्।

# लागूऔषधसहित ५ जना पक्राउ

**टुडे समाचारदाता**

कलैया । जिल्ला प्रहरी कार्यालय पर्साले वीरगञ्ज महानगरपालिका वडा नं. १४ गण्डकस्थित सडकखण्डमा चेकजाँच गर्ने क्रममा पावरहाउस चोकबाट परवानिपुरतर्फ जाँदै गरेको ना १ घ २८२३ नम्बरको ई-रिक्सामा राखिएको अवैध लागूऔषध Nitzacare नामको ट्याब्लेट प्रतिपत्ता १० का दरले ३०० पत्ता ट्याब्लेट, डाइजेपाम सत्रसय पिस, फेनारगन सत्रसय पिस, नूर्फिन सत्रसय पिस गरी जम्मा एकावन सय पिस लागूऔषध बरामद भएको पर्सा प्रहरी प्रमुख एवम प्रहरी उपरीक्षक रमेश बस्नेतले बताए।

पक्राउ पर्नेमा बारा जितपुर सिमरा उपमहानगरपालिका वडा नम्बर १ बर्ष २६ को उत्तम आचार्य , सो वडाको बर्ष २० को अरुण राई ,बर्ष ३२ को सुविन श्रेष्ठ, काठमाण्डु चन्द्रगिरी गपा ४ थानकोट बर्ष २७ को ओमप्रकाश महतो र जि.मोतिहारी थाना भेलाही का १६ का ५० वर्षीय प्रदीप बोहरा क्षेत्री सहित ५ जनालाई पक्राउ गरी थप अनुसन्धान भइरहेको छ।






# नवरात्रको चौथो दिन कुष्माण्डा देवीको पूजा आराधना

**टुडे समाचारदाता**

जनकपुरधाम। नवरात्रको चौंथो दिन दसैं घर वा पूजा कोठामा नौ दुर्गामध्येकी चौथो चन्द्रघण्टा देवीको विधिपूर्वक पूजा आराधना गरिएको छ।

प्रत्येक वर्ष आश्विन शुक्ल चतुर्थी अर्थात् दुर्गा पक्षको चौथो दिन कुष्माण्डा देवीको विधिपूर्वक पूजा आराधना गरिन्छ। नवरात्रका नौ दिन घटस्थापना गरिएको स्थलमा दुर्गा सप्तशती (चण्डी), श्रीमद्देवीभागवत लगायत देवी स्तोत्र पाठसमेत गरिन्छ। नवरात्रका अवसरमा देवीको आराधना गरी पूजा गरेमा शक्ति, ऐश्वर्य र विद्या प्राप्त हुने धार्मिक विश्वास छ।

यसै आधारमा वैदिक सनातन धर्मावलम्बीले प्रत्येक वर्ष आश्विन शुक्ल प्रतिपदादेखि नवमीसम्म दुर्गा देवीको विशेष आराधना गर्छन्। नौ दिनसम्म पूजा आराधना गरेको प्रसाद विजयादशमीदेखि कोजाग्रत पूर्णिमाका दिनसम्म लगाइन्छ। यसरी १५ दिनसम्म नेपालीले बडादसैं पर्व मनाउँछन्।आध्यात्मिक,आधिभौतिक र आधिदैविक यी तीन तापलाई कुष्मा भनिन्छ। नवदुर्गामध्येकी चौथो देवी कुष्माण्डाले शरणमा आएका भक्तको तीनै ताप हरिदिने भएकैले यो नामाकरण भएको हो।

कुष्माण्डाले सुराले भरिएका घडा तथा रगतयुक्त पात्र धारण गर्ने विभिन्न पुराणमा उल्लेख गरिएको छ। दुर्गा पक्षसमेत भनिने दसैंको पहिलो दिन शैलपुत्री, दोस्रो दिन ब्रह्मचारिणी, तेस्रो दिन चन्द्रघण्टा, चौथो दिन कुष्माण्डा, पाँचौं दिन स्कन्दमाता, छैटौं दिन कात्यायनी, सातौं दिन कालरात्री, आठौं दिन महागौरी, र नवौं दिन सिद्धिदात्रीको पूजा आराधना गर्ने गरिन्छ। यिनै नौवटा दुर्गाका रुपलाई नवदुर्गा पनि भनिन्छ।

नवरात्रको पहिलो दिन सोमबार दसैं घर वा पूजा कोठामा वैदिक विधिपूर्वक घटस्थापना गरी जौको जमरा राखिएको थियो। त्यसै दिन घटस्थापना गरिएको स्थानमा नौ दुर्गामध्येकी पहिलो देवी शैलपुत्रीको आह्वान गरी विधिपूर्वक पूजा आराधना गरियो।

दोस्रो दिन मङ्गलबार पूजास्थलमा दोस्रो ब्रह्मचारिणी देवीलाई आह्वान गरी विधिपूर्वक पूजा आराधना गरिएको थियो भने तेस्रो दिन बुधबार चन्द्रघण्टा देवीको निष्ठाका साथ पूजा आराधना गरिएको थियो। नवरात्रमा देशभरका शक्तिपीठमा पूजा आराधना एवं दर्शन गर्ने भक्तजनको भीड लाग्छ।


**जथाभावी फोहर नफालौं, सभ्य नागरिकको परिचय दिऔं।**

- सडक तथा सार्वजनिक स्थानमा फोहर नफालौं।
- घर तथा कार्यस्थलबाट निस्किएको फोहरको उचित व्यवस्थापन गरौं।
- कुहिने र नकुहिने फोहरलाई छुट्टाछुट्टै राखौं।
- कुहिने फोहरलाई घरमा नै मल बनाई प्रयोग गरौं।
- नकुहिने फोहरलाई तोकिएको स्थान र समयमा मात्र विसर्जन गरौं।
- खाद्य वा अन्य वस्तु प्रयोग वा उपभोग गरिसकेपछि प्लाष्टिकलगायतका बट्टा वा खोल जथाभावी नफालौं।

**शहर तथा गाउँ स्वच्छ र सफा राखौं।**

नेपाल सरकार
विज्ञापन बोर्ड







जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८